**“व्यवसायिक कृषि, पर्यटन र उद्यम सहितको सहर**
**स्वस्थ, सुसंस्कृत र प्रविधिमा आधारित समृद्ध नगर ”**

# उद्यम विकास रणनीतिक योजना

**(आ व २०७५/७६-२०७९/८० )**

**रामधुनी नगरपालिका**

**सुनसरी, नेपाल**

**चैत्र २०७४**

# नगरपालिकाको नक्सा




स्रोत: स्थलरुप नक्सा (स्केल १:२५००० / १:५००००), नापी विभाग र जनगणना २०६८, केन्द्रिय तथ्यांक विभाग
तयार पार्ने: गाउँपालिका, नगरपालिका तथा विशेष, संरक्षित वा स्वायत्त क्षेत्रको संख्या तथा सीमाना निर्धारण आयोग

Projection System: MUTM, Spheroid - Everest 1830
LLRC, 2016

# विषयसूची


विषयसूची.......................................................................................3
तालिका सूची....................................................................................5
संक्षेपीकरण.......................................................................................6
रामधुनी नगरपालिकाको उद्यम विकास रणनीतिक योजनाको सारांश .........................7
परिच्छेद एक : परिचय............................................................................9
१.१ उद्यम विकास योजनाको पृष्ठभूमी ..........................................................9
१.२ उद्यम विकास योजना तर्जुमाको उद्देश्य.....................................................10
१.३ उद्यम विकास रणनीतिक योजनाको महत्व...................................................10
१.४ उद्यम विकास रणनीतिक योजना तर्जुमा प्रकृया :............................................11
१.६ रणनीतिक योजनाको संरचना..................................................................13
परिच्छेद दुई : वस्तु स्थितिको विश्लेषण र उद्यम विकासको अवस्था.................................14
२.१ : नगरपालिकाको परिचय......................................................................14
२.२ जनसंख्याको विवरण .........................................................................15
२.३ भौतिक पूर्वाधार ...............................................................................17
२.४ वर्तमान भूउपयोग सम्बन्धी विवरण .........................................................21
२.५ स्थानीय तहको आर्थिक गतिविधि.............................................................22
२.६ प्रमुख बजार केन्द्रहरु.........................................................................27
२.७. बैंक तथा वित्तिय संस्था......................................................................28
२.८. स्थानीय तहमा उद्यम विकाससम्बन्धी विगतमा भएका प्रयासहरु...............................29
२.९. स्रोत सम्भाव्यताको अवस्था..................................................................30
२.१०. पर्यटकीय स्थलहरू ..........................................................................32
२.१२ सम्भावना विश्लेषण ..........................................................................36
.१३ उद्यम विकाससम्वन्धी समस्या..................................................................37
२.१४ SWOT विश्लेषण..............................................................................38
परिच्छेद तीन : उद्यम विकास रणनीतिक योजना...................................................39
३.१ परिचय...........................................................................................39
३.२ : कानुनी तथा नीतिगत व्यवस्था.............................................................40
३.३ : सिद्धान्त तथा अवधारणा ...................................................................42
३.४ दीर्घकालिन सोच/ परिकल्पना.................................................................43
३.५ लक्ष्य ............................................................................................43
३.६ उद्देश्य...........................................................................................43
३.७ : प्रतिफलहरु ...................................................................................43
३.९ रणनीतिहरु......................................................................................45
३.१० : प्रमुख कार्यक्रमहरु..........................................................................46
३.११ तर्कवद्ध योजना ...............................................................................47
३.१२. क्रियकलापहरु ................................................................................49
३.१३. रणनीतिक योजनाको बजेट ..................................................................51
३.१४ प्रमुख कार्यक्रम अनुसार बजेट वितरण .....................................................54

**३.१५ . स्रोत र खर्च अनुसारको विवरण ...... 55**
**३.१६. जनशक्ति विश्लेषण ...... 55**
**३.१७.जिम्मेवारी तालिका ...... 57**
**३.१८ प्रतिवद्धता ...... 58**
**परिच्छेद ४: अनुगमन मुल्याङ्कन योजना ...... 59**
**४.१ अनुगमन तथा मूल्याङ्न पद्धी ...... 59**
**४.२ अनुगमन ...... 59**
**४.३: मूल्याङ्कन ...... 61**
**४.४ नतिजाका आधारमा अनुगमन खाका ...... 62**
**अनुसूचीहरु ...... 65**
अनुसूची १ ...... 65
लघु उद्यम विकास मोडेल ...... 65

# तालिका सूची

*तालिका १ : नगरपालिकाको पूनर्संरचनाको आधारमा राजनीतिक विभाजन* ........ 15
*तालिका २: नगरपालिकाको वडा नं., घर परिवार तथा लिङ्ग अनुसार जनसंख्या विवरण ।* ........ 16
*तालिका ३ : ३ वर्ष माथिको उमेरको साक्षरता प्रतिसत सम्बन्धी विवरण* ........ 16
*तालिका ४ : वडा र लिंग अनुसारको साक्षरता दर* ........ 16
*तालिका ५ : नगरपालिकाको सडक सन्जालको वर्तमान अवस्था* ........ 17
*तालिका ६ : निर्माणाधीन गाउँस्तरीय सडकहरू* ........ 18
*तालिका ७: रामधुनीबाट चल्ले यातायातका साधन* ........ 18
*तालिका ८ : नगर क्षेत्र भित्र रहेका बस पार्क र बस स्टेन्डको विवरण* ........ 19
*तालिका ९ : नगरपालिकामा विद्युतीकरणको अवस्था* ........ 20
*तालिका १० : नगरपालिका क्षेत्रमा सन्चारसम्बन्धी विवरण* ........ 20
*तालिका ११ : भूउपयोगसम्बन्धी विवरण* ........ 21
*तालिका १२ : नगर क्षेत्र भित्र सिंचित क्षेत्रको विवरण* ........ 21
*तालिका १३ : नगरक्षेत्रमा रहेको वन क्षेत्रसम्वन्धी विवरण* ........ 22
*तालिका १४ : मुख्य पेशा व्यवसाय सम्बन्धी विवरण* ........ 22
*तालिका १५ : बार्षिक कृषि उत्पादन सम्बन्धी सूचना* ........ 23
*तालिका १६ : पशुधन तथा सोबाट हुने उत्पादनको अवस्थासम्बन्धी विवरण* ........ 24
*तालिका १७: औद्योगिक तथा व्यपार व्यवसाय (निर्माण व्यवसायीसमेत विवरण)* ........ 24
*तालिका १८ : औसत माशिक पारिवारिक आम्दानी* ........ 27
*तालिका १९ : बजार केन्द्रको विवरण* ........ 28
*तालिका २० : बैंक तथा वित्तिय संस्था* ........ 28
*तालिका २१ : नगरपालिकामा विगतमा उत्पादन भएका उद्यमीहरुको विवरण* ........ 29
*तालिका २२ : नपा मा उपलब्ध श्रोत तथा कच्चा पदार्थको अवस्था* ........ 30
*तालिका २३ : नगरपालिकामा सम्भावित पर्यटकीय स्थलहरूको विवरण* ........ 33
*तालिका २४: नगरपालिका भित्र रहेका तालतलैया र प्राकृतिक पोखरीको विवरण* ........ 34

# संक्षेपीकरण

| | |
|---|---|
| उवासं | उद्योग वाणिज्य संघ |
| गापा | गाउँ पालिका |
| गैसस | गैर सरकारी संस्था |
| घसाउका | घरेलु तथा साना उद्योग कार्यालय |
| जिउविरयो | जिल्ला उद्यम विकास रणनीतिक योजना |
| जिकृविका | जिल्ला कृषि विकास कार्यालय |
| जिपसेका | जिल्ला पशु सेवा कार्यालय |
| जिवका | जिल्ला वन कार्यालय |
| जिसस | जिल्ला समन्वय समिति |
| व्यविसेप्रस | व्यवसाय विकास सेवा प्रदायक संस्था |
| मेडपा | गरिवी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम |
| मेडेप | लघु उद्यम विकास कार्यक्रम |
| नपा | नगरपालिका |
| CTEVT | Center for Technical Education and Vocational Training |
| DMEGA | District Micro Enterprise Group Association |
| DEDC | District Enterprise Development Committee |
| EDF | Enterprise Development Facilitator |
| MEDPA | Micro Enterprise Development for Poverty Alleviation |
| MECD | Micro Enterprise Curriculum Delivery |
| MEDEP | Micro Enterprise Development Programme |
| MEG | Micro Enterprise Group |
| MEGA | Micro Enterprise Group Association |
| SIYB | Start and Improve Your Business |
| SWOT | Strength Weakness Opportunity and Threats |
| M/VEDC | Municipality/Village Enterprise Development Committee |
| M/VEDP | Municipality/Village Enterprise Development Plan |
| | |

**रामधुनी नगरपालिकाको उद्यम विकास रणनीतिक योजनाको सारांश**

| | |
|---|---|
| **योजनाको नाम** | उद्यम विकास रणनीतिक योजना, रामधुनी नपा |
| **योजना अवधि** | आ व २०७५/७६-२०७९/८० ) |
| **योजना स्थल** | रामधुनी नगरपालिकाका सवै वडाहरु |
| **समन्वय गर्ने निकाय** | रामधुनी नगरपालिलका, सुनसरी |
| **कार्यान्वयन गर्ने मुख्य निकाय** | रामधुनी नगरपालिका उद्यम विकास शाखा |
| **योजना कार्यान्वयनमा संलग्न हुने निकायहरु** | • वडा कार्यालयहरु<br>• व्यवसाय विकास सेवा प्रदायक सस्थाहरु<br>• लघु उद्यमी महासंघ |
| **कूल अनुमानित लागत रु. (हजार)** | ९१९०२ |
| **बजेट प्राप्त हुने स्रोतहरु** | स्थानीय तह: ४१३५५.९<br>प्रदेश सरकार: १८३८०.४<br>संघीय सरकार: १३७८५.३<br>विकास साझेदार: १३७८५.३<br>निजि क्षेत्र: ४५९५.१<br>९१९०२ |
| **योजनाको दीर्घकालिन सोच** | **"व्यवसायिक कृषि, पर्यटन र उद्यम सहितको सहर स्वस्थ, सुसंस्कृत र प्रविधिमा आधारित समृद्ध नगर "** |
| **योजनाको लक्ष्य** | उद्यमशिलता मार्फत विपन्न जनताको आय तथा रोजगारीका अवसर वृद्धि गर्दै गरिबी न्यूनीकरण र आर्थिक समृद्धिको आधार निर्माण गर्ने |
| **योजनाको उद्धेश्य** | उद्यम विकास कार्यक्रम मार्फत लक्षीत जनताको व्यवसायिक क्षमतामा बृद्धि गर्दै आगामी पाँच वर्षमा उद्यमी सिर्जना गरी आम्दानी तथा आय आर्जनमा वृद्धि गर्ने । |
| **प्रतिफलहरु** | • उद्यम विकासका लागि नगरपालिकामा आवश्यक नीति, संरचना तथा पूर्वाधारको विकास भएको हुनेछ ।<br>• उद्यम विकासका लागि सम्भाव्य स्रोतको अध्ययन साथै श्रोत सम्वन्धी सूचना व्यवस्थित भएको हुनेछ ।<br>• उद्यमशिलताको विकास गर्दै लक्षित वर्गलाई नयाँ उद्यमी सिर्जना, उद्यमहरुको स्थापना र स्तरोन्नति भएको हुनेछ ।<br>• बित्तिय सेवा तथा श्रोतमा उद्यमीको पहुच बृद्धी भएको हुनेछ ।<br>• उत्पादित बस्तु तथा सेवाको स्थानिय, क्षेत्रिय तथा राष्ट्रीय बजारमा पहुँच बृद्धी भएको हुनेछ ।<br>• लघु, घरेलु तथा साना उद्यमको विकास तथा प्रवर्धनका लागि उपयुक्त संरचना साथै संस्थागत क्षमता विकास भएको हुनेछ । |

| **मुख्य कार्यक्रमहरु अनुसार बजेट** | **कार्यक्रम** | **खर्च (रु हजारमा_** |
|---|---|---|
| | नीतिगत संरचना र पूर्वाधार विकास | ७२ |
| | स्रोत सम्भाव्यता अध्ययन | १२५ |
| | सामाजिक परिचालन | १५०० |
| | उद्यमशिलता विकास तालिम | ५२५० |
| | प्राविधिक सीप विकास | २४९०० |
| | वित्तीय सेवामा पहुँच | ३९० |
| | उपयुक्त प्रविधिमा हस्तान्तरण | २२५०० |
| | बजारसँगको सम्वन्ध विकास तथा व्यवस्थापन | ४२५० |
| | पूर्वाधार तथा संरचना निर्माण | ५५०० |
| | व्यवसायिक परामर्श कार्यक्रम | ५४० |
| | योजना कार्यान्वयनका लागि जनशक्ति | ४७५० |
| | प्रशासनिक र अनुगमन मूल्याङ्कन खर्च | २१२५ |
| | जम्मा खर्च | ९१९०२ |

# परिच्छेद एक : परिचय

## १.१ उद्यम विकास योजनाको पृष्ठभूमी

मुलुकमा व्याप्त गरिबीको विद्यमानता विकास प्रयासको एक प्रमुख चुनौती बन्दै आएको छ । गरिबीको सघनता विशेषगरी दुर्गम तथा ग्रामीण क्षेत्रमा बढी छ । उर्वर भूमिलगायत अन्य प्राकृतिक साधन स्रोत, उत्पादनमूलक व्यवसाय र रोजगारीमा गरिबको पहुँच अत्यन्त न्यून रहेको छ । विकास सहर-केन्द्रित भएको छ भने दुर्गम तथा पहाडी क्षेत्रमा छरिएर रहेका बस्तीहरूमा पूर्वाधार सुविधा पुऱ्याउन कठिन भएको छ । विगत दुई दशकदेखि विभिन्न आवधिक विकास योजनाहरूले गरिबी न्यूनीकरणलाई प्रमुख उद्देश्यको रूपमा राख्दै आएको देखिन्छ ।

तेह्रौं योजनाले वि.सं. २०७९ भित्र नेपाललाई अतिकम विकसित राष्ट्रबाट विकासशील राष्ट्रमा स्तरोन्नति गर्ने दीर्घकालीन सोच राखेको थियो ।। वार्षिक करिब ४ लाख ५० हजार व्यक्ति श्रम बजारमा प्रवेश गरिरहेको हालको अवस्थामा मुलुकभित्र पर्याप्त रोजगारीको अवसरहरू सृजना हुन नसक्दा वैदेशिक रोजगारीप्रतिको आकर्षण अझै पनि बढ्दो देखिन्छ । दैनिक करिब १,६०० युवा वैदेशिक रोजगारीको लागि विदेशिएको अवस्था छ । यसरी मुलुकको युवाशक्ति विदेशमा गई श्रम र पसिना बेच्नुपरेको अवस्थाले विप्रेषणको माध्यमबाट विदेशी मुद्रा स्वदेश भित्रिने गरेको देखिए तापनि विकास निर्माणको माध्यमबाट मुलुकलाई दीर्घकालीन रूपमा आत्मनिर्भर र दिगो आर्थिक वृद्धि गर्नमा योगदान पुऱ्याउन सकेको छैन ।

> विगत १७ वर्षको अवधिमा निरपेक्ष गरिबीको रेखामुनि रहेको जनसङ्ख्या घटेको देखिए तापनि सहरी तथा ग्रामीण एवम् विभिन्न भौगोलिक क्षेत्र र सामाजिक समूहबीचको खाडल अझै पनि उच्च  रहेको देखिन्छ । तर विशेष गरी महिला, आदिवासी, अल्पसङ्ख्यक तथा दुर्गम ग्रामीण क्षेत्रमा बस्ने आमनागरिकहरूमा गरिबीको गहनता बढी भएको हुँदा गरिबी निवारणका प्रयासहरूमा यिनको अर्थपूर्ण सहभागिता आजको टड्कारो आवश्यकता देखिन्छ । यसर्थ गरिबी न्यूनीकरण प्रयासलाई निरन्तरता दिँदै गरिब र धनीबीचको असमानता घटाउनु र आर्थिक समृद्धि प्राप्त गर्नु आजको आवश्यकता हो । हाल चौधौं विकास योजना अवधिमा गरिवीको रेखा मुनीको जनसङ्खया १७ प्रतिशतमा झार्ने योजना रहेको छ । योजना अवधिमा कृषि क्षेत्रको औसत वृद्धिदर ४.७ प्रतिशत र गैरकृषि क्षेत्रको औसत वृद्धिदर ८.४ प्रतिशत हुने लक्ष्य राखिएको छ । समग्रमा, योजनाको औसत आर्थिक वृद्धिदर ७.२ प्रतिशत हुने लक्ष्य निर्धारण गरिएको छ ( चौधौं योजनाबाट) ।

मुलुकको गरिवीको अवस्थालाई न्यूनीकरण गर्न स्थानीय स्तरमा छरिएर रहेका स्रोत परिचालन गर्न र स्थानीय स्तरमा रोजगारीको अवसर प्रदान गर्ने र कुल ग्राहस्थ उत्पादनमा योगदान पुऱ्याउन नेपालमा उपलब्ध विद्यमान जल सम्पदा, अनगिन्ति पर्यटकीय स्थल, साथै विभिन्न समुदायका व्यक्तिहरु सँग भएको परम्परागत शिप र  स्थानीय  स्रोतको भरपुर उपयोग गरी देशलाई आर्थिक संवृद्धको स्तरमा पु-याउने संभावना प्रसस्त छ । उपलब्ध स्रोत साधनको उपयोगका लागि नागरिकहरु उद्यमशील वन्ने र उद्यमको विकास हुन आवश्यकता पर्दछ । प्रारम्भमा १० जिल्लाबाट सुरुभएको मेडेप कार्यक्रम हाल मेडपाको नामबाट सवै जिल्लामा विस्तार भैसकेको छ । लघु उद्यमको विकास र प्रवर्द्धन गरी गरिबी निवारणमा सहयोग पुऱ्याउनका लागि लघु उद्यम विकास ढाँचालाई अनुशरण गरी नेपाल सरकारले पनि उद्योग मन्त्रालयको नेतृत्वमा सन २०१० बाट गरिवी निवारणकालागि लघु उद्यम विकास कार्यक्रम ( मेडपा) संचालन गर्ने नीति लियो । उद्यम विकास ढाँचाका रुपमा स्रोत सम्भाव्यता अध्ययन, सामाजिक

परिचालन, उद्यमशिलताको विकास, प्राविधिक सिप विकास, लघु कर्जामा पहुँच, बजारीकरण, उपयुक्त प्रविधि हस्तान्तरण साथै आवश्यक व्यवसायिक परामर्श जस्ता चरणलाई एकिकृत गरी विकास गरिएको र सोही ढाँचा अनुरुप स्थानीय तथा लक्षित व्यक्तिलाई उद्यमी निर्माण गर्ने कार्य सफल हुने देखिए पछि नेपाल सरकारले हाल यसलाई आन्तरीकरण गरिरहेको छ । लघु उद्यम विकासको ढाँचालाई आन्तरिकीकरण गरी गरिवी न्युनीकरण गर्ने नेपाल सरकारको नीति अनुसार अगाडि बढ्दा स्थानीय तहलाई ठूलो सहयोग पुग्नेछ ।
तसर्थ यस ५ वर्षे उद्यम विकास रणनीतिक योजनाले स्थनीय स्तरमा उद्यम विकास ढाँचालाई प्रभावकारी रुपमा संचालन गरी गरिवी निवारण गर्ने कार्यलाई सफल पार्नका लागि रामधुनी नगरपालिकाले उद्यम विकास योजना तर्जुमा गरी कार्यान्ययन गर्न लाागेको छ । यस योजना मार्फत उद्यमशिलतालाई व्यवहारिक र नतिजामुखी बनाउने र रोजगारी र आम्दानी वृद्धि हुने कुरालाई मध्य नजर गरी यस नगरपालिकामा उद्यम विकासको लागि आगामि दिनमा उद्यम विकासका क्षेत्रमा विकास गर्ने हेतुले यस रणनीतिक योजनालाई तर्जुमा गरिएको हो ।

## १.२ उद्यम विकास योजना तर्जुमाको उद्देश्य

रामधुनी नगरपालिकाको उद्यम विकास रणनीतिक योजना तर्जुमा गर्नुको निम्न उद्देश्यहरु रहेका छन् :

- उद्यम विकास प्रवर्द्धनसम्वन्धी नगरपालिकाको दीर्घकालिन सोच, लक्ष्य र उद्देश्य स्पष्ट पार्नु,
- नगरको उद्यम विकासको सम्भावना तथा अवसरको विश्लेषण गरी उद्यम विकास र रोजगारी मार्फत गरिवी न्युनीकरण गर्न आधार प्रस्तुत गर्नु ।
- उद्यम विकासका लागि स्थानीय तह, विषयगत शाखा, नीजि क्षेत्र तथा गैससहरुको भुमिका तथा योगदान प्रस्तुत गर्नु ।
- पाँच वर्षकालागि स्थानीय जनतालाई लघु उद्यम व्यवसाय सिर्जना गराराानुका साथै भइरहेका उद्यम व्यवसायलाई सहयोग गरी थप प्रवर्द्धन गर्ने बारे लक्ष्य निर्धारण गर्नु ।
- यस नगरपालिकामा लघु, घरेलु तथा सान उद्यम व्यवसाय संचालन गर्न आवश्यक पर्ने प्रकृतिक स्रोतको अवस्था र उपलब्ध क्षेत्रको सम्वन्धमा स्पष्ट खाका तयार पार्नु ।

## १.३ उद्यम विकास रणनीतिक योजनाको महत्व

- लघु उद्यम, घरेलु तथा साना उद्यमहरुको माध्यमबाट रोजगारी श्रृजना गरी गरीवि दर घटाउन,
- स्थानीय स्तरमा उद्यम विकासमा दातृ संस्था, स्थानीय निकाय र साझेदार संस्थाहरुबाट प्राप्त हुन सक्ने सहयोगका लागि विस्तृत खाका चाहिने हुँदा उद्यम विकास योजनाले यो आवश्यकतालाई पूर्ति गर्न,
- छरिएर रहेका श्रोत साधनलाई अभिलेख बनाई व्यवस्थित रुपमा स्थलगत उद्यम विकास योजना निर्माण गर्न,
- स्थानीय स्तरमा उपलव्ध श्रोत र साधनलाई उद्यममा परिवर्तन गरी वस्तु उत्पादन गर्न एक विस्तृत योजनाको छुट्टै आवश्यकताको परिपूर्ति गर्न,
- नगरपालिकाले पूर्वाधार विकास र परम्परागत सीप विकासलाई बढी जोड दिएको अवस्थामा उद्यम विकास योजनाले उद्यम विस्तार, प्रशोधन, भण्डारण तथा बजारीकरणका लागि उपयुक्त श्रोत र साधनको पक्षमा योजना बनाउन र परिचालन गर्न,
- आर्थिक विकासको लागि स्थानीय स्तरमै दक्ष र अनुभवी जनशक्ति तयार गर्न,

- उद्यम विकास योजनाले दीर्घकालीन रणनीति बनाई श्रोत साधनको प्रक्षेपण गर्न,
- स्थानीय स्तरमा उद्यमशिलताको विकास योजनावद्ध रुपमा अगाडि बढाउन ।

## १.४ उद्यम विकास रणनीतिक योजना तर्जुमा प्रकृया :

संविधान र प्रचलित ऐनहरुको अधिनमा रही नगरपालिकाको नेतृत्व र उद्यम विकास समितिको मार्गदर्शनमा सहभागितामुलक पद्धतिबाट उद्यम विकास रणनीतिक योजना तर्जुमा प्रारम्भ गरी निम्न विधि तथा प्रकृयाहरु अवलम्वन गरिएको छ ।

### १.५.१ परामर्शदाता /सहजकर्ता छनौट

योजना छनोट प्रकृयामा प्राविधिक रुपमा सहजीकरण गर्न तथा विज्ञताको सहयोग गर्न नियमानुसार व्यवसायिक विज्ञ परामर्शदाता संस्थाका लागि राष्ट्रिय सामुदायिक विकास केन्द्र विराटनगरको छनौट भई तोकिएको कार्य विवरण अनुसार योजना तर्जुमा प्रकृयामा परामर्श सेवा प्रदान गरी यस नगरपालिकाको उद्यम विकास रणनीतिक योजना तयार पारिएको छ ।

### १.५.२ पूर्व योजना तर्जुमा गोष्ठी

उद्यम विकास रणनीतिक योजना तर्जुमाको क्रममा सुरुमा नगरपालिकामा योजना वन्न लागेको र यसको प्रकृया तथा विधिहरु जानकारीका लागि पुर्वयोजना तर्जुमा गोष्ठी आयोजना गरियो । गोष्ठीमा नगरपालिका तहमा जनप्रतिनिधि, लगायत उद्यम विकास तथा आर्थिक विकासका सरोकारवालाहरुको सहभागिता रहेको थियो । पूर्व योजना तर्जुमा गोष्ठीबाट एक रणनीतिक योजना निर्माण समन्वय उपसमिति समिति पनि गठन गरियो । उक्त समितिले योजना तर्जुमा गर्दा आवश्यक पर्ने सूचना संकलनका लागि सहयोग गर्ने कार्यमा उल्लेखनीय भूमिका खेलेको थियो ।

### १.५.३ योजना तर्जुमा गोष्ठी

नगरपालिका स्थित उद्यम विकास क्षेत्रसँग संबन्धित सरोकारवालाको सहभागितामा योजना तर्जुमा गोष्ठी सम्पन्न गरियो । गोष्ठीमा मुख्य रुपमा नगरका सम्भावना तथा अवसर, समस्या तथा चुनौती विश्लेषण एवं हाल सम्म भएको प्रयास र उपलब्धीका आधारमा पाँच वर्षको लागि योजना तर्जुमा गरिएको छ । गोष्ठीमा आवश्यक सूचनाहरुको विश्लेषण गरी योजनाको दीर्घकालीन सोच, लक्ष्य, उद्देश्य, नीति तथा प्राथमिकता क्षेत्रहरु निर्धारण गर्ने, योजनाको क्षेत्रगत उद्देश्य, रणनीति, कार्यक्रम, नतिजा तथा सूचकहरु र सम्भावित जोखिम र जोखिम कम गर्ने उपाय समेतको विश्लेषण गरिएको थियो । यसैगरी योजनाको लागि आवश्यक श्रोत, कार्यान्वयन योजना र अनुगमन तथा मूल्याँकन ढाँचा समेत निर्धारण गरिएको थियो । यस कार्यशाला गरिएका कार्यहरुको विस्तृत विवरण देहायअनुसार रहेको छ ।

**क) समस्या विश्लेषण**

यस कार्यक्रममा तोकीएको नमूना बमोजिम समस्या विश्लेषण गरी प्रत्येक प्रमुख समस्याहरूको कारण र अन्तरनिहित कारणसमेत पहिचान गरिएको थियो ।

**ख) अवसर र संभावना विश्लेषण**

समस्या समाधानका लागि योजना तर्जुमा गर्न नगर क्षेत्रमा उपलब्ध अवसर तथा सम्भावना र यीनीहरुको उपयोगको रणनीति समेत विश्लेषण गरि ५ वर्षे उद्यम विकास रणनीतिकयोजना तर्जुमा गरिएको छ । त्यसैगरी सम्भावित उद्योग, मागको अवस्था र बजार आदि समेत विश्लेषण भएको छ । उद्यम विकासका लागि सम्भावित लगानी समेत आँकलन गरी योजना तर्जुमा गरिएको छ। समस्या तथा सम्भावना विश्लेषणमा समूह छलफल, तालिका र SWOT विश्लेषण विधि प्रयोग गरिएको छ।

**घ) उद्यम विकासको दीर्घकालीन सोच निर्धारण**

उद्यम विकास रणनीतिक योजनामा सम्भाव्य दीर्घकालीन सोच सहभागितात्मक छलफलबाट तयार गरिएको हो ।

**ङ) लक्ष्य, उद्देश्य तथा रणनीति तथा सूचक निर्धारण**

यस योजनाको लक्ष्य, उद्देश्यहरू तथा रणनीति निर्धारण सहभागितात्मक योजना तर्जुमा गोष्ठीको माध्यमबाट निर्धारण गरिएको छ । निर्दिष्ट लक्ष्य, उद्देश्य, र प्रतिफलहरू हासिल गर्न सहयोग पुग्ने गरी रणनीति तथा कार्यक्रमहरु तर्जुमा गरिएको छ। लक्ष्य, उद्देश्य तथा रणनीति निर्धारण गर्दा तर्कपूर्ण योजना पद्धतिको ढाँचामा तयार गरिएको छ । साथै योजनाको लक्ष्य तथा उद्देश्य र रणनीति प्राप्त भए नभएको मापन गर्नका लागि मापन योग्य सूचकहरु सहभागिमुलक पद्दतीबाट निर्धारण गरिएका छन्।

**छ) सूचक प्रमाणित गर्ने आधार पहिचान**

योजनामा निर्धारण गरिएका लक्ष्य तथा उद्देश्य र उपलब्धी अनुसार नतिजामुलक सूचकहरू प्राप्त भए नभएको मापनका लागि साधन तथा प्रकृया समेत तय गरिएको छ। ती सूचना मापनका आधार तथा साधननहरु, सो प्राप्तीको प्रकृया तथा श्रोत बारे समेत वृहत छलफलबाट तयार गरिएको र सोको श्रोतहरु समेत तय गरिएको छ।

**ज) जोखिम पक्ष पहिचान**

योजना कार्यान्वयनको क्रममा आईपर्न सक्ने जोखिम र योजनाको उद्देश्य वा नतिजा हासिलको क्रममा आउने बाधावारे छलफल गरी तय गरिएको छ । साथै जोखिम न्युनिकरणका लागि रणनीति समेत निर्धारण गरि योजनामा समावेश गर्ने काम भएको छ।

**झ) निर्देशक सिद्धान्त निर्धारण**

दीर्घकालीन सोच सम्म पुग्न निर्धारित लक्ष्य तथा उद्देश्य प्राप्तीका लागि केही निर्देशक सिद्धान्तहरुवारे छलफल गरी निर्धारण गरिएको छ। यसका लागि स्थानीय स्तरका उपलब्ध अवसर तथा सम्भावना, चुनौती र नगरको चाहना समेतका आधारमा निर्देशक सिद्धान्तहरु तय गरिएको छ।

**ञ) प्रमुख कार्यक्रम, क्रियाकलाप र बजेट निर्धारण**

कार्यशालावाट निम्नअनुसारका प्रमुख कार्यक्रमहरु भित्र विभिन्न क्रियाकलापहरु निर्धारण गरिएका छन्: १) उद्यम विकासका लागि सामाजिक परिचालन २) उद्यमशीलता विकास ३) प्राविधिक सीप विकास ४) लघु कर्जामा पहुँच ५) उपयुक्त प्रविधि हस्तान्तरण ६) बजारसँगको सम्बन्ध विकास तथा व्यवस्थापन र परामर्श ७) अन्य

**ट) जनशक्ति विश्लेषण र व्यवस्थापन**

जनशक्ति विश्लेषण गर्दा योजना कार्यान्वयनमा आवश्यक हुने विज्ञता, दक्षता र सीपबारे समेत ध्यान दिइ योजनाको सफल कार्यान्वयनको लागि आवश्यक उद्यम विकास सहजकर्ता, विज्ञ तथा कर्मचारी प्राविधिक आदिका बारेमा पनि विश्लेषण गर्ने प्रयास भएको छ ।

**ठ. नतिजामूलक अनुगमन तथा मूल्याङ्कन**

योजनामा उल्लेखित लक्ष्य तथा उद्देश्यअनुसारको नतिजामूलक अनुगमन तथा मूल्याङ्कनको ढाँचा तयार गरिएको छ । ढाँचाका आधारमा नियमितरुपमा योजनाको समीक्षा, अध्ययन, सूचना सङ्कलन र व्यवस्थापनको प्रकृया आदि प्रस्ताव गरिएको छ ।

### १.५.४ योजना सार्वजनिकिकरण तथा परामर्श

योजना तर्जुमा गोष्ठीमा छलफल भई सहमति गरिएको दीर्घकालिन सोच, लक्ष्य, उद्देश्य, सुचक र कार्यक्रम तथा बजेटका आधारमा उद्यम विकास योजनाको दस्तावेज तयारी पश्चात सार्वजनिकीकरण गरियो । दस्तावेजमा सहभागिमुलक छलफल र सुझाव पश्चात आवश्कताका आधारमा सुधार गर्ने काम भयो र सो अनुसार दस्तावेजको अन्तिम तयारी परामर्शदाता संस्थाले गरेको छ ।

### १.५.५ योजनाको अन्तिम दस्तावेज तयारी तथा पेश

यस रणनीतिक योजनाको मस्यौदा दस्तावेज सरोकारवाला समक्ष सार्वजनिकीकरण गरेपछि त्यसबाट प्राप्त उपयुक्त सुझावलाई आत्मसाथ गरी सो सुझावलाई समेत समावेश तथा सुधार गरी अन्तिम दस्तावेज तयार गरिएको र उक्त दस्तावेजलाई नगरपालिकामा पेश गरियो ।

## १.६ रणनीतिक योजनाको संरचना

यस रणनीतिक योजनालाई जम्मा चार परिच्छेदमा विभाजन गरिएको छ । जस अनुसार परिच्छेद एकमा परिचय रहेको छ भने परिच्छेदन दुइमा नगरपालिकाको स्थितिको विश्लेषण तथा अवस्था विश्लेषण रहेको छ । त्यसै गरी परिच्छेद तीनमा उद्यम विकास रणनीतिक योजना अन्तिम तथा परिच्छेदन चारमा अनुगमन र मूल्याङ्कन योजना रहेको छ ।

# परिच्छेद दुई : वस्तु स्थितिको विश्लेषण र उद्यम विकासको अवस्था

## २.१ : नगरपालिकाको परिचय

### २.१.१ भौगोलिक अवस्थिति

यस नगरपालिकाको सिमाना पूर्वमा इटहरी उपमहानगरपालिका, दक्षिणमा इनरूवा नगरपालिका, पश्चिममा वराहनगरपालिका तथा उत्तरमा धरान उपमहानगरपालिकासँग जोडिएको छ । रामधुनी नगरपालिकाको क्षेत्रफल ९१.६९ ब.कि.मी रहेको छ । समुद्र सतहबाट करिव १८२ देखि १८५ मिटर उचाईमा रहेको यो नगरपालिका २६ ३६" उत्तरी अक्षांश र ८७ १२" पूर्वी देशान्तरमा रहेको छ । यस नगरपालिकाको भू-उपयोगको अवस्थामा अधिकांश भुभाग कृषि क्षेत्रले ओगटेको छ । यस नगरपालिकाको बीच भागबाट पूर्वपश्चिम राजमार्ग गएको छ ।

### २.१.२ नामकरण

रामधुनी नगरपालिकाको नाम पौराणिक कथनसँग जोडिएको छ । त्रेतायुगमा अयोध्याका राजकुमार राम र लक्ष्मण यस स्थानमा आएर धुनी जगाई बसेको क्षेत्र यही नगरपालिकामा पर्ने हुनाले यस स्थानलाई रामधुनी भनिएको छ । स्थानीय किंवदन्तीअनुसार त्यहाँको धुनी प्रथमपटक त्रेतायुगका रामायणका पात्र रामले बालेका थिए । सिंगियाको वनमा निरन्तर रूपमा साजका मूढा जोतेर धुनी जगाउने गरिन्छ, जसलाई आज आएर रामधुनी भन्ने गरिएको छ । रामधुनीमा बालिएको धुनीको आगो कहिल्यै पनि निभाउन नहुने धार्मिक विश्वास रहेको पाइन्छ । यसै मान्यताअनुरूप नै त्यस स्थानलाई रामधुनी भनिएको र यस नगरपालिकाको नामाकरण पनि सोहि स्थानका अधारमा राखिएको हो ।

### २.१.३ रामधुनीको ऐतिहासिक पृष्ठभूमि

रामधुनी नेपालको कौशिकी नदीको किनारी भागमा रहेको छ । रामधुनीको स्थापनाका बारेमा प्राप्त एक पौराणिक विवरणअनुसार कौशिकी कुश नामका राजाकी छोरी, विश्वामित्र ऋषिकी बहिनी तथा ऋचिक ऋषिकी पत्नी हुन् (रूद्राक्षारण्यमहात्म्य १७२५) । अघि त्रेतायुगमा कौशिकी नदीको किनारी भागमा कौशिकीका दाजु विश्वामित्र तपश्या गरेर बसेका थिए । यसै क्रममा दानवहरूले विश्वामित्र लगायतका ऋषिहरूलाई निकै दुख दिएको हुनाले विश्वामित्रको अनुरोधमा राजकुमार राम र लक्ष्मण कोशी प्रदेशमा आएको, दानवहरूको बध गरेको तथा यताबाट अयोध्यातिर फिर्ने क्रममा एक रात यस स्थानमा धुनी जगाएर बसेको मान्यता राखिन्छ । यस मान्यतामा त्रेता युगमा रामले जगाएको धुनी अहिलेसम्म पनि रहेको हुनाले त्यसलाई रामधुनी भएको कुरामा स्थानीय मानिसहरू विश्वास गर्ने गर्दछन् ।

स्थानीय जनमानसमा प्रचलित एक विश्वासअनुसार त्रेता युगका रामले १४ वर्षको वनवास पूरा गरेर फिरेपछि तिनकी आमा कैकेयीले तिनको वनवासको समयावधी गणना गर्दा १२ वर्षमात्र भएकाले तिनले पुन रामलाई वनवास जान भनिछन् । त्यस बेला रामका पिताको मृत्यू भई सकेको र काजकृया आदि पनि गर्न नपाएको अवस्थामा तिनले उत्तरको हिमालयतिर गएर दुई वर्ष तप गरी विताएको पौराणिक कथा पाइन्छ । त्यसमा यी दुई वर्ष भने राम र लक्ष्मणले यस भेगमा आएर धुनी जगाएको तथा

यज्ञयज्ञादि गरेर विताएको विश्वास छ । यसैको आधारमा पनि यसलाई रामधुनी भनिएको हुन सक्तछ । यसरी स्थानीय जनमानसमा प्रचलित किंवदन्तीका आधारमा रामधुनीको स्थापना त्रेतायुगमा भएको मानिन्छ ।

### २.१.४ राजनैतिक विभाजन

रामधुनी नगरपलिकाको स्थापना वि.सं. २०७१ मंसिर १६ गते गरिएको थियो भने पछि पुन २०७४ साल फाल्गुण २७ यसको पुनरसंरचना गरिएको छ । यसबाट यस नगरपालिकाको राजनैतिक विभाजनमा पनि केही परिवर्तन भएको देखिन्छ ।  हालसालै गरिएको पुनर संरचनाअनुसार यस नगरपालिकाका निम्नानुसारका ९ वटा वडाहरू कायम भएका मध्ये निम्नानुसारको निर्वाचन क्षेत्रमा विभाजन गरिएका छन् ।

***तालिका १ : नगरपालिकाको पूनर्संरचनाको आधारमा राजनीतिक विभाजन***

| **वडा नं.** | **समावेश भएका गाविस र नपा** | **साविक वडा नं.** |
|---|---|---|
| १ | रामधुनी भासि नपा | १ र २ |
| २ | रामधुनी भासि नपा | ४ र ८ |
| ३ | रामधुनी भासि नपा | ३, ६ र ७ |
| ४ | रामधुनी भासि नपा | ९ र १० |
| ५ | रामधुनी भासि नपा | ५ |
| ६ | बकलौरी गाविस | ३, ५, ६, ७ र ९ |
| ७ | बकलौरी गाविस | १, २, ४ र ८ |
| ८ | डुम्राहा गाविस | ३ र ४ |
| ९ | डुम्राहा गाविस | १, ५ र ६ |

*श्रोतः नगरपालिका प्रोफाइल ।*

## २.२ जनसंख्याको विवरण

सुनसरीको रामधुनी नगरपालिकाको हालको कूल जनसंख्या ५१७२२ जना रहेको छ जसमा महिला २७७३८ जना र पुरूष २३९८४ जना रहेको देखिन्छ । वि.सं. २०५८ सालको जनगणना अनुसार यहांको जनसंख्या ४५९६४ जना थियो जसमा महिला २३३७४ जना र पुरूष २२५६० जना थिए । संख्यागत रूपमा उक्त १० वर्षको अन्तरालमा यस नगरपालिकाको जनसंख्या ५७५८ जनाले बढोत्तरी भई वि.सं. २०६८ सालमा जम्मा जनसंख्या ५१७२२ जना पुगेको हो । तलको तालिकामा यस गाविसको वि.सं २०६८ र वि.सं. २०५८ सालको जनगणना अनुसारको जनसंख्या र घरपरिवार संख्या दिइएको छ ।

***तालिका २: नगरपालिकाको वडा नं., घर परिवार तथा लिङ्ग अनुसार जनसंख्या विवरण ।***

| वडा नं. | लिङ्ग (२०६८) | | जम्मा | घर परिवार संख्या | औषत परिवार संख्या | लैङ्गिक अनुपात |
|---|---|---|---|---|---|---|
| | पुरूष | महिला | | | | |
| १ | ३०३४ | ३३६७ | ६४०१ | १३९७ | ४.५८ | ९०.११ |
| २ | २४८५ | २९७८ | ५४६३ | ११६८ | ४.६८ | ८३.४५ |
| ३ | २७३५ | ३२२४ | ५९५९ | १३३२ | ४.४७ | ८४.८३ |
| ४ | २५०६ | २९३९ | ५४४५ | १२०७ | ४.५१ | ८५.२७ |
| ५ | २४५१ | २८३० | ५२८१ | १२४३ | ४.२५ | ८६.६१ |
| ६ | ३२१० | ३६३१ | ६८४१ | १५१३ | ४.५२ | ८८.४१ |
| ७ | ३२४९ | ३८१३ | ७०६२ | १५७९ | ४.४७ | ८५.२१ |
| ८ | १७९० | २१२३ | ३९१३ | ८९० | ४.४० | ८४.३१ |
| ९ | २५२४ | २८३३ | ५३५७ | ११६२ | ४.६१ | ८९.०९ |
| जम्मा | २३९८४ | २७७३८ | ५१७२२ | ११४९१ | ४.५० | ८६.४७ |

*श्रोत: जनगणना प्रतिवदेन, २०६८ ।*

## २.२.१ साक्षरता

यस नगरपालिकामा साक्षरता प्रतिशत जम्मा ६९.४९ रहेको छ । यहाँ पुरूष साक्षरता ७८.९२ प्रतिशत र महिला साक्षरता दर ६१.४४ प्रतिशत रहेको देखिन्छ ।

***तालिका ३ : ३ वर्ष माथिको उमेरको साक्षरता प्रतिसत सम्बन्धी विवरण***

| सिं नं. | शैक्षिक अवस्था | लिङ्ग | | प्रतिशत |
|---|---|---|---|---|
| | | पुरूष % | महिला % | |
| १ | साक्षर प्रतिसत | ७८.९२ | ६१.४४ | ६९.४९ |

*श्रोत: जनगणना प्रतिवदेन, २०६८ ।*

यो तथ्याङ्क २०६८ सालको जनगणनाको भएको हुँदा हाल आएर यहाँको साक्षरता दर केही बढेको हुनसम्दछ ।

***तालिका ४ : वडा र लिंग अनुसारको साक्षरता दर***

| वडा नं. | लिंग | निरक्षर | साक्षर | जम्मा | साक्षर प्रतिशत |
|---|---|---|---|---|---|
| १ | पुरूष | ४५८ | २३४४ | २८०२ | ८३.६५ |
| | महिला | १००७ | २१३९ | ३१४६ | ६७.९९ |
| | जम्मा | १४६५ | ४४८३ | ५९४८ | ७५.३७ |
| २ | पुरूष | ५५० | १६८५ | २२३५ | ७५.३९ |
| | महिला | १११९ | १५९६ | २७१५ | ५८.७८ |
| | जम्मा | १६६९ | ३२८१ | ४९५० | ६६.२८ |
| ३ | पुरूष | ४२२ | २०७४ | २४९६ | ८३.०९ |

| | | | | | |
|---|---|---|---|---|---|
| | महिला | ९९२ | १९९१ | २९८३ | ६६.७४ |
| | जम्मा | १४१४ | ४०६५ | ५४७९ | ७४.१९ |
| | पुरूष | ५१८ | १८१७ | २३३५ | ७७.८२ |
| | महिला | १११८ | १६३२ | २७५० | ५९.३५ |
| ४ | जम्मा | १६३६ | ३४४९ | ५०८५ | ६७.८३ |
| | पुरूष | १८० | २०८२ | २२६२ | ९२.०४ |
| | महिला | ५९७ | २०५२ | २६४९ | ७७.४६ |
| ५ | जम्मा | ७७७ | ४१३४ | ४९११ | ८४.१८ |
| | पुरूष | ७०० | २२५९ | २९५९ | ७६.३४ |
| | महिला | १४६५ | १९२२ | ३३८७ | ५६.७५ |
| ६ | जम्मा | २१६५ | ४१८१ | ६३४६ | ६५.८८ |
| | पुरूष | ६१९ | २३६५ | २९८४ | ७९.२६ |
| | महिला | १४३१ | २१२५ | ३५५६ | ५९.७६ |
| ७ | जम्मा | २०५० | ४४९० | ६५४० | ६८.६५ |
| | पुरूष | ४७८ | ११५५ | १६३३ | ७०.७३ |
| | महिला | ९२४ | १०५३ | १९७७ | ५३.२६ |
| ८ | जम्मा | १४०२ | २२०८ | ३६१० | ६१.१६ |
| | पुरूष | ७१२ | १५७४ | २२८६ | ६८.८५ |
| | महिला | १२८७ | १३३१ | २६१८ | ५०.८४ |
| ९ | जम्मा | १९९९ | २९०५ | ४९०४ | ५९.२४ |

*श्रोत: जनगणना प्रतिवदेन, २०६८ ।*

माथिको तालिकामा दिइएअनुसार रामधुनी नगरपालिकाका विभिन्न ९ वटा वडामध्ये सवैभन्दा धेरै साक्षरता प्रतिशत रहेको वडा नं. ५ पाइएका छ भने सवैभन्दा कम साक्षरता दर भएको वडा नं. ९ छ। यसमा साक्षरता दर ५९.२४ प्रतिशत रहेको छ । यस वडामा पुरूष साक्षरता ६८.८५ प्रतिशत र महिला साक्षरता ५०.८४ प्रतिशत छ ।

## २.३ भौतिक पूर्वाधार

### २.३.१ सडक सञ्जाल

यसरी यस नगरपालिकामा सडक सञ्जालको अवस्था पनि राम्रो रहेको छ। सडक सञ्जाललाई निर्माण गर्ने साथै स्तरउन्नति गर्ने कार्यमा नगरपालिकाले उचित ध्यान दिएको छ। सडक सञ्जालका कारण यस नगर क्षेत्रमा बसोबास गर्ने वासिन्दाहरुले आफ्नो आर्थिक कियाकलाप गर्न थप सहयोग पुगेको छ।

***तालिका ५ : नगरपालिकाको सडक सन्जालको वर्तमान अवस्था***

| क.स. | सडकको वर्गीकरण | लम्वाई कि.मि. | सडकको औसत चौडाइ मी | सडकले सेवा पुगेका वडा |
|---|---|---|---|---|
| १ | पूर्व पश्चिम राजमार्ग | १२ | ५० | |
| २ | सहायक राजमार्ग | १४.८५ | १५ | |
| ३ | पक्की तथा कालोपत्रे | १४.८५ | १५ मिटर | |
| ४ | ग्राभेल सडक | २१९.६० | ७ मिटर | |
| ५ | कच्ची सडक/मौसमी सडक | ५५.२० | ५ | |
| ६ | मुल वाटो (Trail) | ० | | |
| ७ | इँटा विच्छाइएको वाटो | ० | | |
| ८ | ढुंगा छापेको वाटो | ० | | |
| ९ | सिढी तथा सुडकिला | ० | | |

*श्रोतः नगरपालिका प्रोफाइल।*

यसको आतिरिक्त यस नगर क्षेत्रको भित्री तथा गाउँवस्ती सम्म पनि सडक सञ्जालको निर्माण गर्ने कार्य भएकोछ ।

***तालिका ६ : निर्माणाधीन गाउँस्तरीय सडकहरू***

| सडकको किसिम | लम्वाई कि.मि. | सडकको चौडाइ मी. | सडक पुगेको वडा | लाभान्वित जनसंख्या |
|---|---|---|---|---|
| कालो पत्रे | ३ | ७ | | ७००० |
| ग्राभेल | १२ | ७ | | ९००० |
| कच्ची तथा धुले | २ | ५ | | ५००० |
| जम्मा | १७ | | | २१००० |

*श्रोतः नगरपालिका प्रोफाइल*

रामधुनी नगरपालिकाबाट देशका विभिन्न भागमा यातायातका साधनहरू चल्ने गरेका छन् । यस नगरपालिकाबाट विभिन्न स्थानमा चल्ने यातायातका साधनको विवरण तलको तालिकामा दिइएको छ ।

***तालिका ७: रामधुनीबाट चल्ले यातायातका साधन***

| बस चल्ने शुरू स्थान | बस पुग्ने अन्तिम स्थान | दैनिक सञ्चालन हुने सवारी साधन संख्या | बस स्टप संख्या ( यात्रु चढाउने ओराल्ने स्थान) | कैफियत |
|---|---|---|---|---|
| झुम्का | चतरा | ४ | पिडारी | |
| झुम्का | चकरघट्टी | ४ | पिडारी, रामधुनी | |

| | | | | |
|---|---|---|---|---|
| झुम्का | प्रकाशपुर | २ | रामधुनी | |
| झुम्का | विराटनगर | ५ | कान्छीचौक | |
| झुम्का | इटहरी | २० | कान्छीचौक | |
| झुम्का | ईनरुवा | २ | शिबनगर, डुम्रहा | |
| जम्मा | | ३७ | | |

**गाउँ क्षेत्रमा चल्ने सवारी साधन**

| क्र.स. | सवारी साधनको प्रकार अवस्था | संख्या | अवस्था | | अवस्था |
|---|---|---|---|---|---|
| | | | १० वर्ष सम्म पुरानो | १० वर्ष भन्दा बढि पुरानो | |
| १ | नीजि | ७५० | ४५० | ३०० | |
| २ | सरकारी स्वामित्वका | १० | ८ | ३ | |
| ३ | सार्वजनिक (भाडाका) | ५० | २० | ३० | |

*श्रोतः नगरपालिका प्रोफाइल*

यो नगरपालिका क्षेत्र भएर पूर्वपश्चिम राजमार्ग गएको हुनाले यहाँ थुप्रै सवारीका साधन कुद्ने गरेका छन् । तर यहींबाट छुटेर अन्यत्र जाने सवारीका साधन भने निकै कम छन् । यहाँबाट छुटेर छेउछाउका गाउँहरूमा बस सेवा चल्ने भए पनि यहाँबाट टाढाका लागि भने बस छुटेर जाने गरेका छैनन् ।

त्यसै गरी यस नगरपालिका क्षेत्र भित्र रहेको वस पार्क र वस स्टेन्डहरुको विवरण पनि यस प्रकार रहेको छ :

***तालिका ८ : नगर क्षेत्र भित्र रहेका बस पार्क र बस स्टेन्डको विवरण***

| क्र.स. | गापा । नपाको नाम | स्थान वडा नं. | क्षेत्रफल (वर्ग किमि) | कैफियत |
|---|---|---|---|---|
| १ | झुम्का पश्चिम बस स्टेन्ड | १ | राजमार्गमा | |
| २ | झुम्का पूर्व बस स्टेन्ड | ५ | राजमार्गमा | |
| ३ | चतरा बसपार्क | ५ | १० कठ्ठामा | |

*श्रोतः नगरपालिका प्रोफाइल*

रामधुनीको झुम्काबाट पूर्वपश्चिम राजमार्ग गएको छ । यहाँबाट बस तथा यातायातका साधन छुट्ने भन्दा पनि देशका विभिन्न भागबाट आएका यस्ता साधन यहाँ रोकिने तथा यहाँका बासिन्दालाई सेवा दिने गर्दछन् । यहाँको एउटामात्र बसपार्क झुम्का बसपार्क हो, जुन हाल ग्राभेल गरिएको छ । यहाँबाट चतरा, चकरघट्टी र महेन्द्रनगरतिर जाने बसहरू चल्ने गरेका छन् । तर यस बसपार्कबाट नै लामो दुरीका बसहरू भने छुट्ने गरेका पाइँदैनन् । विशेषगरी विराटनगरबाट चतरा, कालाबन्जार तथा चकरघट्टीतिर जाने बसहरू भने यस बसपार्कमा पुगेर छुट्ने गर्दछन् ।

### २.३.२ ग्रामिण विद्युतिकरण

उर्जाको रुपमा विद्युत अति आवश्यक हुन्छ। यस नगरपालिका भित्र विद्युतको प्रसारण पनि वस्ती स्तर सम्म पुगेको छ। यसकारण यस नगरपालिकामा विद्युतीकरणको अवस्था निम्न अनुसार रहेको छ।

***तालिका ९ : नगरपालिकामा विद्युतीकरणको अवस्था***

| क.सं. | विवरण | परिमाण (संख्या) |
|---|---|---|
| १ | ग्राहस्थ लाईन संख्या | १०९१६ |
| २ | औद्योगिक लाइन संख्या | २५ वटा |
| ३ | व्यापारिक लाईन संख्या | १५५ |
| ४ | मन्दिरमा वितरीत संख्या | १५ |
| ५ | खानेपानी | १ |
| ६ | सडक वत्ति | १७८ |
| ७ | अस्थायी वत्ति | ० |
| ८ | सिंचाई | २३१ |
| जम्मा ग्राहक संख्या | | ११५२१ |

*श्रोतः नगरपालिका प्रोफाइल*

## २.३.३ संचारको सुविधा

विकासका पूर्वाधारहरुमा संचार पनि आनिवार्य बनेको छ। संचार क्षेत्रको विकासले व्यक्ति सम्पर्कलाई सहजा बनाएका कारण विकास निर्माण, व्यापार सार्थ समग्र आर्थिक विकासमा पनि ठूलो महत्व राखेको छ। यस नगरपालिकामा रहेको संचारको सेवालाई निम्न तालिमा मार्फत प्रष्ट पार्न सकिन्छ।

***तालिका १० : नगरपालिका क्षेत्रमा सन्चारसम्बन्धी विवरण***

| क.स. | संचार सेवाको किसिम | परिमाण | कैफियत |
|---|---|---|---|
| १ | PSTN टेलिफोन लाईन | २३० | |
| २ | ए.डी.एस.एल. सेवा | ५० | |
| ३ | इन्टरनेट तथा जी.पी.आर.एस. सेवा | ९५० | Wireless सेवाको Data एकिन गर्न नसकिने भएकाले |
| ४ | मोबाइल टावर जी.एस.एम. | १ | |
| ५ | मोबाइल टावर स्काई | ० | |
| ६ | जी.एस.एम. पोस्टपेड मोबाइल | ११७५ | |
| ७ | जी.एस.एम. प्रिपेड मोबाइल | ११७७५ | |
| ८ | स्काई पोस्टपेड मोबाइल | ११२ | |
| ९ | स्काई प्रिपेड मोबाइल | १४ | |

*श्रोतः नगरपालिका, रामधुनी।*

## २.४ वर्तमान भूउपयोग सम्बन्धी विवरण

यस नगरपालिकाको अधिकांश भाग कृषिका लागि उर्बर र उन्नत पनि छ । यहाँ अत्यधिक जसो भूभागमा कृषि कार्य गरिएको छ। यसको केही भागम समुदायिक वनले पनि ढाकिएको छ। यता यहाँ सिमसार र पोखरीहरू निकै न्यून छन् । यस नगरपालिकामा हाल सम्म भू-उपयोगको अवस्थालाई निम्न तालिका मार्फत प्रस्ट हुन सकिन्छ ।

***तालिका ञञ : भूउपयोगसम्बन्धी विवरण***

| कस | विवरण | गापा या नपा | |
|---|---|---|---|
| | | क्षेत्रफल हे. | प्रतिशत |
| १ | कृषि क्षेत्र | १५१६५ | ७५ प्रतिशत |
| २ | वन तथा चरन क्षेत्र | २०२२ | १० प्रतिशत |
| ३ | आवास क्षेत्र | १४१५ | ७ प्रतिशत |
| ४ | नदिनालाले ओगटेको क्षेत्र | २०२ | १ प्रतिशत |
| ५ | ताल तलैया | ० | ० |
| ६ | सिमसार क्षेत्र | ० | ० |
| ७ | औद्योगिक क्षेत्र | २०२ | १ प्रतिशत |
| ८ | सडकले ओगटेको क्षेत्र | ६०६ | ३ प्रतिशत |
| ९ | अन्य | ८०८ | ४ प्रतिशत |
| १० | जम्मा | २०४२० | १०० प्रतिशत |

*श्रोत: नगरपालिका प्रोफाइल ।*

## २.४.१ सिंचाइको अवस्था

सुनसरीको रामधुनी नगरपालिकाबाट चतरा नहर र यसका शाखाहरू गएका छन्, जसबाट यस नगरपालिका भित्रका विभिन्न भागमा सिंचाईको सुविधा उपलब्ध भएको छ । यहाँ केही स्थानीय खोलाहरूबाट पनि कुलो बनाएर सिंचाई गरिएको छ । यसैगरी भूमिगत जलश्रोतलाई पनि सिंचाईका रूपमा प्रयोग गर्ने गरिएको छ । यस नगरपालिकाको सिंचाईको अवस्थालाई निम्न तालिकामा दिइएको छ ।

***तालिका ञट : नगर क्षेत्र भित्र सिंचित क्षेत्रको विवरण***

| क्र.स. | सिचाई स्रोतको नाम | नपा | वडा न.. | नपाको वडा नं. |
|---|---|---|---|---|
| १ | चतरा नहर र यसका शाखाहरू | रामधुनी | विभिन्न वडाहरू | |
| २ | सरदु र अन्य खोलाका कुलाहरू | रामधुनी | विभिन्न वडाहरू | |

*विभिन्न स्रोतबाट सिंचित क्षेत्रफलको विवारण*

| कस | विवरण | क्षेत्रफल | कैफियत |
|---|---|---|---|
| १ | सालैभर सिंचित | ३५४० हे | |
| २ | मौसमी सिंचित | १५६० हे | |
| ३ | कूल सिंचित क्षेत्रफल | ५१०० हे | |

| | | | |
|---|---|---|---|
| ४ | असिंचित जमिन | १५८१ हे. | |
| ५ | खेतियोग्य जमिन | ९७५० हे | |
| ६ | खेति गरिएको जमिन | १५१६५ हे | |

*श्रोतः नगरपालिका प्रोफाइल ।*

## २.४.२ वन क्षेत्र, नर्सरीसम्बन्धी विवरण

वातावरणको शुद्धता तथा पर्यावरणको संरक्षणका लागि मात्र नभइ उद्यमका लागि पनि वनजंगलको ठूलो भूमिका रहन्छ । यस नगरपालिकामा धुनीवन र अन्य केही सामुदायिक वनहरू पनि छन् । तसर्थ यहाँका खालि जमिन र खोलाहरूका छेउछाउमा वृक्षारोपण गरी वनजंगलको क्षेत्रफल बढाउन सकिने अवस्था छ । वनबाट प्राप्त हुने विभिन्न चिजवस्तुहरुलाई उपयोग गरी अम्दानीको स्तर वृद्धि गर्न सकिने सम्भावनाहरु यस नगरपालिकामा प्रसस्त रहेको अवस्था छ ।

***तालिका १३ : नगरक्षेत्रमा रहेको वन क्षेत्रसम्वन्धी विवरण***

| विवरण | संख्या | क्षेत्रफल | प्रतिशत | कैफियत |
|---|---|---|---|---|
| *सामुदायिक वन* | *१०* | *१४०० हे* | *६९.२* | |
| *कबुलियती वन* | *०* | *०* | *०* | |
| *धार्मिक वन* | *१* | *२२ हे* | *१.१* | |
| *सरकारी संरक्षित वन (धुनीवन)* | *१* | *६०० हे* | *२९.७* | |
| *अन्य* | *०* | *०* | *०* | |
| *जम्मा* | *४* | *२०२२ हे* | *१००* | |

*श्रोतः नगरपालिका प्रोफाइल ।*

## २.५ स्थानीय तहको आर्थिक गतिविधि

### *२.५.१:* मुख्य पेशा तथा व्यवसाय

मानिसहरूले विभिन्न प्रकारका पेशा तथा व्यवसाय गर्ने गर्दछन् । विशेषगरी कृषि, पशुपालन, उद्योगधन्धा, व्यापारव्यवसाय, नोकरी र ज्यालादारी मुख्य पेशा तथा व्यवसाय हुन् । यिनीहरूमध्ये नेपालीहरूको सवैभन्दा धेरैले अँगालेको व्यवसाय कृषि हो । यस बाहेक कृषिका साथमा पशुपालन पनि गर्ने गरिन्छ । यसैगरी उद्योगधन्धा तथा व्यपार व्यवसाय पनि मानिसहरूको महत्वपूर्ण पेशा मानिन्छ । यता रोजगारी र ज्यादामज्दुरीलाई पनि मानिसहरूको महत्वपूर्ण पेशा मान्ने गरिन्छ । यस नगरपालिकाको मुख्य पेशा तथा व्यवसायलाई तलको तालिकामा पनि दिइएको छ ।

***तालिका १४ : मुख्य पेशा व्यवसाय सम्बन्धी विवरण***

| क्र. स. | विवरण | परिवार संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | कृषि | ९१९३ | **८०** |
| | खेतिपाती | ८०४३ | **७०** |
| | पशुपालन | ५७५ | **५** |

| | | | |
|---|---|---|---|
| | कुखुरा पालन | ११५ | १ |
| | माछा पालन | ११५ | १ |
| | अन्य | ३४५ | ३ |
| **जम्मा** | | ९१९३ | ८० |
| | गैर कृषि | २२९८ | २० |
| | व्यापार | २३० | २ |
| | उद्योग | २३० | २ |
| | नोकरी | २३० | २ |
| | दैनिक ज्यालादारी | ११४८ | १० |
| | वैदेशिक रोजगार | ४६० | ४ |
| | अन्य | ० | ० |
| **जम्मा** | | २२९८ | २० |
| कुल जम्मा | | ११४९१ | १०० |

*श्रोतः नगरपालिका प्रोफाइल।*

***तालिका ३छ : बार्षिक कृषि उत्पादन सम्बन्धी सूचना***

| वाली/उत्पादन | आर्थिक वर्ष (२०६९ र २०७०) | |
|---|---|---|
| | क्षेत्रफल (रोपनीमा) | उत्पादन (क्विन्टलमा) |
| **अन्न वाली** | ७५ प्रतिशत | |
| धन | ७० प्रतिशत | |
| मकै | ५ प्रतिशत | |
| कोदो | ० | |
| गहुँ | ५ प्रतिशत | |
| **दलहन वाली** | | |
| मास, बोडी, सिमी, मस्याङ, मुसुरो | ५ प्रतिशत | |
| **तेलहन वाली** | | |
| तोरी, सूर्यमुखी .... | १ प्रतिशत | |
| **तरकारी वाली** | | |
| आलु, प्याज, काउली, भन्टा, बन्दा, गोलभेडा, | १० प्रतिशत | |
| राम तोरिया, साग...... | १ | |
| अदुवा, बेसार, लसुन, खुसार्नी | १ | |
| **फलफूल खेती** | | |

| | | |
|---|---|---|
| केरा, आँप, सुन्तला, नासपाती, भुईकटहर ... | ३ प्रतिशत | |

*श्रोतः नगरपालिका प्रोफाइल*

***तालिका १६ : पशुधन तथा सोबाट हुने उत्पादनको अवस्थासम्बन्धी विवरण***

| **क. सं.** | **किसिम संख्या** | **संख्या** | | | **उत्पादन** | | |
|---|---|---|---|---|---|---|---|
| **१** | **पशुधन** | **स्थानीय** | **उन्नत** | **जम्मा** | **दूध लि.** | **मासु केजी** | **उन केजी** |
| | गाई गोरू | ७३७५ | २७७७ | १०१५२ | २५००० | | |
| | भैंसी राँगा | ६५४० | ३१३६ | ९६७६ | | | |
| | बोका खसी वाखा | ३६२० | १९३७ | ५५५७ | | २०००० | |
| | भेडा च्यांग्रा | २५५ | २०५ | ४६० | | | |
| | सुँगुर वंगुर | ७९० | ११६० | १९५० | | ६००० | |
| **२** | **पंक्षी** | **स्थानीय** | **उन्नत** | **जम्मा** | **अण्डा संख्या** | | **मासु केजी** |
| | कुखुरा | १११५० | ७५५० | १८७०० | | २५००० | ३०००० |
| | हाँस | ५२५० | ३१७ | ५५६७ | | ७००० | ५९०० |
| ३ | माछा केजी | | | २५००० | | | |
| | क मौरी घार मह केजी | | | | | | |

*श्रोतः पशु सेवा केन्द्र ।*

## २.५.२ : व्यपार व्यवसाय

सुनसरीको रामधुनी नगरपालिकामा केही मानिसहरू उद्योगधन्धा र केही व्यापार व्यवसायमा पनि लागेका छन् । तिनीहरूले विभिन्न प्रकारका पेशाव्यवसाय गर्ने गरेको पाइन्छ । यस नगरपालिकाको व्यापार व्यवसायको विवरण तलको तालिकामा दिइएको छ ।

***तालिका १७ : औद्योगिक तथा व्यपार व्यवसाय (निर्माण व्यवसायीसमेत विवरण)***

| सि. नं. | व्यपार,व्यवसाय विवरण जम्मा संख्या | जम्मा संख्या |
|---|---|---|
| १ | दुग्घ व्यवसायी | १५ |
| २ | टेलर्स | २५ |
| ३ | सुनचाँदी व्यवसायी | ७० |
| ४ | भाडा व्यवसायी | ३० |
| ५ | होटल व्यवसायी | ५० |
| ६ | फेन्सी व्यवसायी | ३० |
| ७ | क्लिनिक तथा औषधी व्यवसायी | २८ |
| ८ | तरकारी तथा फलफूल व्यवसायी | १५० |

| | | |
|---|---|---|
| ९ | इलेक्ट्रोनिक व्यवसायी | २० |
| १० | माछामासु पसल, व्यवसायी | ३५ |
| ११ | हेयर सैलुंग तथा सौन्दर्यकला व्यवसायी | ३० |
| १२ | उद्योग | ४० |
| १३ | आर्ट व्यवसायी | १२ |
| १४ | बेकरी तथा मिष्ठान्न व्यवसायी | १४ |
| १५ | वाल मनोरञ्जन | १ |
| १६ | बंगुर पालन | ५ |
| १७ | कार्ड बोर्ड उत्पादन | १ |
| १८ | बोडिंग स्कुल संचालन | २५ |
| १९ | ठेक्कापट्टा | १८ |
| २० | जुत्ता पसल | १४ |
| २१ | फोटो स्टुडियो | १४ |
| २२ | फर्निचर | १५ |
| २३ | किराना पसल तथा व्यवसायी | १६४ |
| २४ | सि.डि.पसल | १० |
| २५ | पुल हाउस | ४ |
| २६ | अटो वर्कसप | ६ |
| २७ | कपास उद्योग | ० |
| २८ | राइस मिल | ६२ |
| २९ | घडि रेडियो टि.भी मर्मत | २५ |
| ३० | पेट्रोल पम्प | २ |
| ३१ | मसला उद्योग | ३ |
| ३२ | चस्मा पसल | ७ |
| ३३ | पस्मिना पसल | १२ |
| ३४ | माटाका भाडा, मुकुण्डो तथा सेरामिक्स | ७ |
| ३५ | खोज अनुसन्धान सेन्टर | ० |
| ३६ | खाजाघर तथा चिया पसल | १६४ |
| ३७ | ढुवानी सेवा | १८ |
| ३८ | पांगो माटो व्यवसाय | ४ |
| ३९ | टयुसन सेन्टर | ५ |
| ४० | हाउजिंग | ० |
| ४१ | कार्पेट पसल | १० |

| | | |
|---|---|---|
| ४२ | सरसफाइ तथा फोहोर मैला संकलन | ४ |
| ४३ | नर्सरी फुल व्यवसायी | १ |
| ४४ | कुरियर | ६ |
| ४५ | मदिरा व्यवसाय | ९१ |
| ४६ | ग्यास डिलर | १२ |
| ४७ | नृत्य प्रशिक्षण तथा संगित प्रशिक्षण केन्द्र | ० |
| ४८ | पाउ भण्डार | ० |
| ४९ | क्याटरिंग | १२ |
| ५० | कानुन व्यवसायी र परामर्श सेवा | ८ |
| ५१ | ािजमखाना | ० |
| ५२ | निर्माण व्यवसायी तथा सप्लायर्स | ५० |
| ५३ | कवाडी संकलन केन्द्र | ४ |
| ५४ | मल बिउ उत्पादन | १ |
| ५५ | कम्प्युटर ट्रेनिंग सेन्टर साईवर व्यवसायी | १२ |
| ५६ | फिल्म हल | २ |
| ५७ | सिसा पसल | ७ |
| ५८ | पुस्तक व्यवसायी तथा फोटोकपी | २१ |
| ५९ | मनी टान्सफर | ९ |
| ६० | सहकारी | २४ |
| ६१ | बैक | ५ |
| ६२ | बिज्ञापन मिडिया र केवल सेवा | ४ |
| ६३ | कागज उद्योग तथा छापाखाना | २ |
| ६४ | पानी फिल्टर | ० |
| ६५ | पार्टी प्यालेस | ० |
| ६६ | भेटनरी | ३ |

*स्रोत : रामधुनी नगरपालिका*

माथिको तालिकामा दिइएअनुसार यस नगरपालिकाका मानिसहरू विभिन्न प्रकारका पेशा र व्यवसाय गर्दछन् । तिनीहरूका पेशा व्यवसायमा कृषि, पशुपालन, सागसब्जी खेति, व्यापार, उद्योग, जनमज्दुरी, नोकरी र अन्य पेशाहरू रहेका छन् । तर पनि यहाँको मुख्य पेशा कृषि हो भने कृषिमा पनि ज्यादा मात्रामा सागसब्जी, केरा खेति र अन्य प्रकारका खेतिपाति गर्ने गरेका छन् ।

### २.५.३ पारिवारिक आम्दानी तथा बचतको अवस्था

*तालिका १८ : औसत मासिक पारिवारिक आम्दानी*

| क.स. | औसत मासिक पारिवारिक आम्दानी विवरण (रूपैयाँमा) | परिवार संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | १००० भन्दा कम | ११४९ | १० |
| २ | १००० देखि २००० | २२९६ | २० |
| ३ | २००१ देखि ३००० | ३४४७ | ३० |
| ४ | ३००१ देखि ५००० | ११४९ | १० |
| ५ | ५००१ देखि १०००० | ११४९ | १० |
| ६ | १०००० देखि १५००० | ५७६ | ५ |
| ७ | १५००० देखि २५००० | ११४९ | १० |
| ८ | २५००० भन्दा माथि | ५७६ | ५ |
| जम्मा | | ११४९१ | १०० |

*श्रोत: नगरपालिका प्रोफाइल*

*औषत मासिक पारिवारिक बचत*

| क.स. | औसत मासिक पारिवारिक वचत विवरण (रूपैंयामा) | परिवार सख्या | प्रतिशत |
|---|---|---|---|
| १ | शून्य | ८०४४ | ७० |
| २ | ५०० देखि १००० | ६८९ | ६ |
| ३ | १००१ देखि २००० | ६८९ | ६ |
| ४ | २००१ देखि ३००० | ६८९ | ६ |
| ५ | ३००१ देखि ५००० | ५७५ | ५ |
| ६ | ५००१ देखि १०००० | ५७५ | ५ |
| ७ | १०००० भन्दा माथि | २३० | २ |
| जम्मा | | ११४९१ | १०० |

*श्रोत: नगरपालिका प्रोफाइल*

## २.६ प्रमुख बजार केन्द्रहरु

सुनसरीको रामधुनी नगरपालिकाका विभिन्न स्थानमा व्यापारिक केन्द्रहरु छन् । यिनमा प्रमुख व्यापारिक केन्द्र झुम्का बजार हो । यस नगरपालिकाको केन्द्र पनि यही हो । पहिले यो स्थान भादगाउँ सिनवारीका नामले जानिन्थ्यो । पछि यसलाई झुम्का भन्न लागिएको हो । पूर्वपश्चिम राजमार्गमा पर्ने झुम्का बजारबाट चतरा र वराहक्षेत्र लगायतका स्थानतिरसमेत जान सकिने हुनाले यो स्थानमा बजारीकरण भएको हो । यस नगरपालिकाका विभिन्न व्यापारिक केन्द्रहरुको विवरण तलको तालिकामा दिइएको छ ।

*तालिका १९ : बजार केन्द्रको विवरण*

| क.स. | व्यापारिक केन्द्रहरूका नाम | व्यापारिक वस्तु | समेटिने वडाहरु | |
|---|---|---|---|---|
| १ | झुम्का बजार | तरकारी तथा सागसब्जी, लुगाफाटा | १,२,३ र ५ | बुधबार, शनि |
| २ | बक्लौरी बजार | तरकारी, कृषिजन्य वस्तुहरू | ६ र ७ | आइत, बिही |
| ३ | लालपुर बजार | तरकारी | ३ र ४ | शुक्र |
| ४ | हाटखोला, सिंघीया | तरकारी र अन्य वस्तुहरू | ३ र२,४ | मंगल |
| ५ | डुम्राहा | तरकारी र कृषि उपज | ८र ९ | बुध, |
| | तित्रीवन | तरकारी र कृषि उपज, माछा मासु | २, ९ | शुक्र |

*श्रोत: कार्याशाला गोष्ठी,२०७४*

## २.७. बैंक तथा वित्तिय संस्था

सुनसरीको रामधुनी नगरपालिकामा बैंकका केही शाखाहरू छन् । यहाँ सहकारी संस्थाहरू पनि प्रशस्तै खुलेका छन् । यहाँका बैंक तथा सहकारी संस्थाहरूको विवरण तलको तालिकामा दिइएको छ ।

*तालिका २० : बैंक तथा वित्तिय संस्था*

| क.स. | सहकारी संस्था | विकास बैंक | बैंक | कैफियत |
|---|---|---|---|---|
| १ | अकहा तरकारी तथा फलफूल उत्पादक सहकारी संस्था | मितेरी बि.बैं. | ने.बै.लि. | |
| २ | आकर्षक दुग्ध उत्पादक संस्था लि | निर्धन उत्थान बैंक | सनराईज बैंक | |
| ३ | केशरी कृषि सहकारी संस्था लि | ज्योती बिकास बैक | एन्आईसी एशिया बैंक | |
| ४ | गहिरो लघुउद्यम सहकारी संस्था लि | | | |
| ५ | डुम्राहा कृषि सहकारी संस्था लि | | | |
| ६ | तिनकुने महिला बचत तथा ऋण सहकारी संस्था लि | | | |
| ७ | नवजागरण महिला कृषि सहकारी संस्था लि | | | |
| ८ | प्रभावकारी कृषि सहकारी संस्था लि | | | |
| ९ | वसाहा महिला बचत तथा ऋण सहकारी संस्था लि. | | | |
| १० | भृकुटी बहिला बचत तथा ऋण सहकारी संस्था | | | |
| ११ | मनमोहक साना किसान महिला कृषि सहकारी संस्था | | | |
| १२ | मनकामना बचत तथा ऋण सहकारी सं.लि. | | | |
| १३ | सप्तरंगी कृषि सहकारी सं. लि. | | | |
| १४ | सर्वोदय कृषि सहकारी सं. लि. | | | |
| १५ | अन्नपूर्ण महिला बहुउद्देश्यिय बचत तथा ऋण सहकारी सं. लि | | | |
| १६ | आँगन महिला बचत तथा ऋण सहकारी सं. लि. | | | |
| १७ | चौसठ्ठी बिगाहा कृषि सहकारी सं. लि. | | | |

| | | | | |
|---|---|---|---|---|
| १८ | पन्चायन बचत तथा ऋण सहकारी सं. लि. | | | |
| १९ | परिक्रमा कृषि सहकारी सं. लि. | | | |
| २० | बक्लौरी महिला बचत तथा ऋण सहकारी सं.लि. | | | |
| २१ | साना किसान कृषि सहकारी सं. लि. | | | |
| २२ | अन्जुली महिला बचत तथा ऋण स.सं. लि. | | | |
| २३ | अन्जुली महिला बचत तथा ऋण स.सं. लि. | | | |
| २४ | अमृत दुग्ध उत्पादक स.सं. लि. | | | |
| २५ | आसुतोष महिला कृषि स.सं. लि. | | | |
| २६ | उज्जल उपभोक्ता स.सं. लि. | | | |
| २७ | कंकालीमाई कृषि स.सं. लि. | | | |
| २८ | क्षितिज बचत तथा ऋण स.सं. लि. | | | |
| २९ | गजराज बचत तथा ऋण स.सं. लि. | | | |
| ३० | गौरिशंकर बचत तथा ऋण स.सं. लि. | | | |
| ३१ | जनभावना बचत तथा ऋण स.सं. लि. | | | |
| ३२ | जनहित बहुमुखी बचत तथा ऋण स.सं. लि. | | | |
| ३३ | जन्माष्टमी कृषि स.सं. लि. | | | |
| ३४ | निर्धन बचत तथा ऋण स.स.लि | | | |
| ३५ | श्र्वणिम बचत तथा ऋण सहकारी संस्था लि. | | | |
| ३७ | सगुन कृषी सहकारी संस्था लि. | | | |
| ३८ | दाना बचत तथा ऋण सहकारी संस्था लि. | | | |
| ३९ | भासि टोविस लघु उद्यम सहकारी संस्था लि. | | | |

*श्रोतः नगरपालिका प्रोफाइल।*

यसरी रामधुनी नगरपालिकामा विभिन्न ३९ वटा सहकारीहरू कार्यरत छन् । यिनीहरूले गाउँमा ऋण र अन्य प्रकारका सेवा दिने तथा बचत संकलन गर्ने कार्य गर्दै आएका छन् । डुम्राहाका पाँचवटा मात्र वडाहरू रामधुनी नगरपालिकामा पर्ने हुँदा यहाँ डुम्राहाका अन्य वडाका केही सहकारीको नाम पनि समावेश भएको हुन सक्तछ । तिनीहरूको स्पष्ट ठेगाना नखुल्नाले यस्तो भएको हो ।

## २.८. स्थानीय तहमा उद्यम विकाससम्बन्धी विगतमा भएका प्रयासहरु

यस नगरपालिकामा गत वर्षहरुमा पनि मेडेप र मेडपा कार्यक्रमबाट उद्यमीहरु सिर्जना गर्ने कामहरु भएका छन् । विगतमा सिर्जना भएका उद्यमीहरुको विवगरण निम्न अनुसार रहेको छ :

***तालिका २१ : नगरपालिकामा विगतमा उत्पादन भएका उद्यमीहरुको विवरण***

| विवरण | सङ्ख्या |
|---|---:|
| १. महिला | ४०८ |
| २. पुरुष | १०५ |
| जम्मा | ५१३ |

| | |
|---|---|
| दलित महिला | १०४ |
| दलित पुरुष | १४ |
| **दलित जम्मा** | **११८** |
| जनजाति महिला | २५४ |
| जनजाति पुरुष | ८२ |
| **जनजाति जम्मा** | **३३६** |
| अन्य महिला | ५० |
| अन्य पुरुष | ९ |
| **अन्य जम्मा** | **५९** |
| मधेसी महिला | ३०२ |
| मधेसी पुरुष | ८६ |
| **मधेसी जम्मा** | **३८८** |

*स्रोत : जिल्ला घरेलु तथा साना उद्योग कार्यालय, सुनसरी*

## २.९. स्रोत सम्भाव्यताको अवस्था

उद्यमको सम्भावना स्थानीय स्तरमा उपलब्ध कच्चा पदार्थमा आधारमा हुने गर्दछ । यस नगरपालिकामा उपलब्ध स्रोत तथा कच्चा पदार्थको विवरण यस प्रकर रहेको छ ।

***तालिका २२ : नपा मा उपलब्ध श्रोत तथा कच्चा पदार्थको अवस्था***

| श्रोत तथा कच्चा पदार्थ उपलबधता /सम्भावना | उपलब्ध स्थान, वार्ड वस्ति | उपलब्ध मात्रा | सीप तथा प्रविधिको उपलब्धता | उपयोग वा सम्भावित उद्यम/उत्पादन | उत्पादनको माग |
|---|---|---|---|---|---|
| **१. वनजन्य** | | | | | |
| १. वाँस | सवै वडा | ५०-१०० झाँङ प्रति वडा | परम्परागत रुपमा घर निर्माण, | मुँडा, सिन्का,सजावटका सामग्री | निकै |
| २. काठ | २, ४, ६, ७, ८ | करिव २० हजार क्यु फिट (सा व बाट) १० हजार क्यु फि निजी वनबाट | समान्य रुपमा काठका समाग्री र फर्निचर निर्माणका लागि | फर्निचर, मायाको चिनो लागायतका अन्य उपयोगि सामाग्री बनाउन | अधिक |
| ३ सालको पात | २, ४, ६, ७, ८ | प्रशस्त | खासै प्रयोगमा नआएको | टपरी उद्योग | राम्रो |
| ४. निगुरो | २, ४, ६, ७, | | तरकारी | व्यवसायिक सब्जी खेति गर्न | राम्रो |
| ५. वनमारा | ८ | पर्याप्त | नभएको | खाना पकाउने इन्धन - ब्रिकेट | अधिक |
| ६. सिम साग | ६, ७ | | तरकारी | व्यवसायिक सब्जी खेति गर्न | अधिक |
| २. कृषिजन्य | | | | | |
| १. अन्नवाली | सवै | | परम्परागत रुपमा खेति गरिदै गरेको | व्यवसायिक खेति | प्रशस्त |
| २. तरकारीवाली | सवै | ६० टन बार्षिक | परम्परागत रुपमा | व्यवसायिक खेति | अधिक |

| श्रोत तथा कच्चा पदार्थ उपलबधता /सम्भावना | उपलब्ध स्थान, वार्ड वस्ति | उपलब्ध मात्रा | सीप तथा प्रविधिको उपलब्धता | उपयोग वा सम्भावित उद्यम/उत्पादन | उत्पादनको माग |
|---|---|---|---|---|---|
| | | | तरकारी उत्पादन गरिदै गरेको | | |
| ३. फलफुल | कागति,(सवै) केरा वडा नं ८मा | | | व्यवसायिक खेति, जुस उद्योग, अचार उद्योग | अधिक |
| ४. मसलावाली | लसुन, व्याज सवै | १० टन | तरकारी | पसलाको रुपमा र औषधि निर्माण | अधिक |
| ५. माछा | सवै | ५ टन | मासुको सट्टन | माछाको भुरा उत्पादन, मासुको सट्टामा प्रयोग | अधिक |
| ६. दलहन/तलहन | मुसुरो | १० टन | पर्याप्त मात्रामा नभएको | पकाउन तयारी दाल उत्पादन उद्योग/मिल | अधिक |
| ७. मौरी | ४ | २८ घार | पर्याप्त मात्रामा नभएका | मह र मैन उत्पादन | प्रशस्त |
| ८. फुलको नर्सरी | सवै वडा | | पर्याप्त मात्रामा नभएका | विवाह, पाटी, दिपवली साथै सजावटका लागि प्रयोग, | प्रसस्त |
| ९.च्याउ खेती | सवै | ८ | तरकारी | अचार, सुकुटी | अधिक |
| ३. पशुजन्य | | | | | |
| १. गाई | ५,४,३,६,७,८,९ | १५०० लि दैनिक | पर्याप्त मात्रामा नभएका | दुग्ध संकलन केन्द्र, पनिर, ध्यू उत्पादन | माग अधिक भएको |
| २. भैसी | सवै वडा | १ प्रति घर | पर्याप्त मात्रामा नभएका | दुग्ध संकलन केन्द्र, पनिर, ध्यू उत्पादन | माग अधिक भएको |
| ३. कुखुरा | सवै | १००० केजी दैनिक | केही मात्रामा भइको | मासु, चल्ला र अण्डा उत्पादन | माग अधिक भएको |
| ४. हाँस | सवै | १०० केजी दैनिक | केही मात्रामा भइको | मासु, चल्ला र अण्डा उत्पादन | माग अधिक भएको |
| ५. वाखा | सवै | ५ प्रति घर, १ फर्म | खासै नभएको | मासुको लागि | माग अधिक भएको |
| ६. वंगुर | सवै | २ प्रति घर, २ फर्म सानो | खासै नभएको | मासुको लागि | माग अधिक भएको |
| ४. परम्परागत शिप जन्य | | | | | |
| १. वासजन्य वस्तु | ८,९,२,१,३,५ | यकिन नभएको | सजिलै प्राप्त हुने | डोको, ढाकी, भकारी, निर्माण कार्य | माग राम्रो छ |
| २. गुन्द्री | सवै थारु वस्ती | यकिन नभएको | सजिलै उपलब्ध हुने | आफ्नो प्रयोग, प्लाष्टिका सामाग्री विस्थापन गर्न | माग अधिक |
| ३. मुडा वनाउने | ८,९,२,१,३,५ | यकिन नभएको | यी वडामा सजिलै उपलब्ध हुने | आफ्नो प्रयोग, प्लाष्टिका सामाग्री विस्थापन गर्न | माग अधिक |
| ५. ढाकी, डाला | डुम, राई | यकिन नभएको | सजिलै उपलब्ध हुने | आफ्नो प्रयोग | माग राम्रो छ |
| ६. मुर्ती | १,२ | १५०० वटा | सजिलै प्राप्त | पूजाको लागि | माग राम्रो |

| श्रोत तथा कच्चा पदार्थ उपलबधता /सम्भावना | उपलब्ध स्थान, वार्ड वस्ति | उपलब्ध मात्रा | सीप तथा प्रविधिको उपलब्धता | उपयोग वा सम्भावित उद्यम/उत्पादन | उत्पादनको माग |
|---|---|---|---|---|---|
| | | | | | छ |
| ७.ढाकी काँसको | सवै वडा | यकिन नभएको | सजिलै प्राप्त | पूजा, संगितिक कार्यमा | माग राम्रो छ |
| ८. गुडिया | १,२,५ | १००० थान | सजिलै प्राप्त | खेलौनाको लागि | माग राम्रो छ |
| ९. आरनका वस्तु | सवै | यकिन नभएको | सजिलै प्राप्त | घरायसी तथा कृषिका औजार | माग राम्रो छ |
| ५. पर्यटनजन्य | | | | | |
| १. होम स्टे | थारु संस्कृति र रामधुनीलाई व्रवर्द्धन गदा सवै वडामा सम्भव | हाल नभएको | हाल नभएको | पर्यटनलाई टेवा पुग्ने | माग छ |
| सिमसार क्षेत्र | ६,७ | ६ वटा | सजिलै प्राप्त | पिक्नीक, मेला स्थल | माग छ |
| रामधुनी | ४ | | सजिलै पुग्न सकिने | धार्मिक पर्यटन गर्दा अन्य होटल र व्यवसायलाई पनि टेवा पुग्ने | माग छ |
| ६. अन्य | | | | | |
| १. वुटिक | महिला | बजार क्षेत्रमा | सजिलै प्राप्त | पोषाकाकालागि उपयोगी | |
| २. सिलाईकटाई | महिला सवै जाति | यकिन नभएको | सजिलै प्राप्त | पोषाक निर्माणमा | सामान्य |
| ३. धुप वनाउने | ३,५, | यकिन नभएको | सजिलै प्राप्त | पूजा पाठ तथा अन्य प्रयोजनका लागि | राम्रो |
| पार्लर | १,५ | | तोकिएको स्थानमा प्राप्त | सिंगारका लागि | राम्रो |
| थुक्पा | १,५,३ | यकिन नभएको | सजिलै प्राप्त | नास्ताको लागि प्रयोग हुने | |
| रिङ, र अन्य सिमेन्टका वस्तु | १,३,५ | यकिन नभएको | | निर्माण कार्यका लागि प्रयोग हुने | राम्रो |

*श्रोत: कार्यशाला गोष्ठी,२०७४*

## २.१०. पर्यटकीय स्थलहरू

सुनसरीको रामधुनी नगरपालिका क्षेत्र आफैं एउटा महत्वपूर्ण पर्यटकीय स्थल मानिन्छ। यस बाहेक भने यस नगरपालिका भित्र अन्य ठूला पर्यटकीय क्षेत्रको अभाव छ । यस नजिकै चतरा र वराहक्षेत्र लगायतका स्थान पनि छन् । तिनीहरूको अन्तर सम्बन्ध रामधुनीसँग पनि रहेको देखिन्छ। यहाँ विभिन्न सामुदायिक वन, केही सिमसार र ससाना पोखरीहरू छन् । तिनीहरूलाई पर्यटन विकासका क्षेत्रमा

प्रयोग गर्न सकिने सम्भावना छ । यस नगरपालिकाका थप सम्भाव्य पर्यटकीय स्थलहरूको पहिचान गर्न पनि त्यत्तिकै आवश्यक रहेको देखिन्छ ।

***तालिका २३ : नगरपालिकामा सम्भावित पर्यटकीय स्थलहरूको विवरण***

| कस | पर्यटकीय क्षेत्रको नाम | वडा नं. | महत्व | दैनिक आउने यात्रु सं. | कैफियत |
|---|---|---|---|---|---|
| १ | रामधुनी वन र मन्दिर | ४ | मन्दिर र पार्क | ५० | रामनवमी मेला |
| २ | हरिहरेश्वर शिवालय | ८ | मन्दिर | १० | शिवरात्री |
| ३ | दुर्गा मन्दिर | | मन्दिर | ५ | नवरात्री |
| ४ | भैरवेश्वर शिव मन्दिर | | शिवालय | ५ | शिवरात्री, बाला चतुर्दशी |
| ५ | रामजानकी मन्दिर, इकाही | | मन्दिर | १० | विभिन्न अवशरहरू |
| ६ | झुम्केश्वर | | मन्दिर | ८ | विभिन्न अवशरहरू |

*श्रोतः रामधुनी नगरपालिका कार्यालय ।*

सुनसरीको रामधुनी नगरपालिकामा झुम्काबजारदेखि करिब सात किलोमिटर पश्चिममा धुनीवन पर्दछ । त्यस वनका बीचमा निरन्तर रूपमा धुनी बालेर राखिने हुनाले त्यसलाई धुनीवन भनिएको हो । त्यो वन सिङ्गियाको इकाही गाउँमा अवस्थित छ । त्यस वनका बीचमा तथा सुनसरी खोलाको पूर्वी तटमा धुनीमन्दिर छ । त्यस स्थानलाई स्थानीय मानिसहरूको बोलिचालिको भाषामा रामधुनी भन्ने गरिन्छ । त्यहाँको मूल मन्दिर धुनीमन्दिर हो, जसमा देव प्रतिमाहरूका बदलामा एउटा साजको मूढा जलाएर राखिएको छ । रामधुनीमा पूजाआजा हुने प्रमुख वस्तु पनि त्यही नै हो । त्यही मूढा जलेको खरानीलाई रामधुनीको प्रसादका रूपमा प्रयोग गर्ने चलन छ ।

रामधुनीमा बालिएको धुनीको आगो कहिल्यै पनि निभाउन नहुने धार्मिक विश्वास रहेको पाइन्छ । स्थानीय किंवदन्तीअनुसार त्यहाँको धुनी प्रथमपटक त्रेतायुगका रामायणका पात्र रामले बालेका थिए । यसै मान्यताअनुरूप नै त्यस स्थानलाई रामधुनी भनिएको हो भन्ने जनविश्वास छ । त्यही आगो आजसम्म पनि निरन्तर रूपमा बलिरहेको विश्वास गरिन्छ । यहाँको आगो निभेमा भने पिण्डेश्वरको अखण्डदीपबाट ल्याएर पुन सल्काउनु पर्ने मान्यता छ । रामधुनीका अन्य नामहरूमा धुनीसाहव, गोलासाहव र उदासी मठ पनि हुन् । यसलाई उदासी सम्प्रदायको मठका रूपमा पनि लिने गरिएको छ । साथै यहाँको वनलाई धुनीवन पनि भनिएको देखिन्छ । यहाँ साधुसन्यासीले ताप्नका लागि या तपश्या गर्नका लागि बालिएको आगो तथा सँधैं बलिरहने आगोलाई धुनी भनिन्छ । यसलाई उदासी सम्प्रदायसँग सम्बन्धित तथा वनखण्डी बाबाको एक आश्रम पनि मान्ने गरिएको छ । यसलाई पवित्र तपोवन मान्ने गरिन्छ । अघि वनखण्डीबाबाले यहाँ धुनी जगाएर तप गरेको मान्यतामा यसलाई वनखण्डीबाबाको आश्रम मानिएको हो ।

रामधुनी र वनखण्डीबाबाको आश्रम किन एकै स्थानमा रहेका हुन् भन्ने कुरा खोजकै विषय वनेको छ । यसैगरी यसलाई पहिले रामधुनी भनियो या वनखण्डीबाबाले आश्रम बनाएपछि यो स्थान रामधुनीका नामले चिनिएको हो भन्ने कुरा पनि विचारणीय छ । सरसरती हेर्दा के देखिन्छ भने रामको समय

त्रेतायुग थियो भने वनखण्डीबाबा अठारौं शताब्दीका उदासिन सम्प्रदायका प्रचारक मानिएका छन् । यस अर्थमा वनखण्डीबाबाले नै धुनीवनमा आफ्नो आश्रम बनाएको र बसेको मान्न सकिन्छ । तर यसलाई रामले बालेको धुनी मान्दा वनखण्डीबाबाले जगाएको धुनी अर्कै थियो भन्ने मान्यता राख्नु पर्दछ । तसर्थ रामधुनीको स्थापनाका बारेमा खोजी गर्न आवश्यक भएको हो ।

***तालिका २४: नगरपालिका भित्र रहेका तालतलैया र प्राकृतिक पोखरीको विवरण***

| **क.स.** | **नाम** | **नपा** | **वडा न..** |
|---|---|---|---|
| १ | डंग्राही पोखरी | रामधुनी | ५ |
| २ | कमन्डलु कुण्ड | रामधुनी | ४ |
| ३ | रा.स. ताल | रामधुनी | ७ |
| ४ | संकरवेली सिमसार | रामधुनी | ६ |
| ५ | भन्सैया पोखरी | रामधुनी | ७ |
| ६ | जमुवा पोखरी | रामधुनी | ६ |
| ७ | बरका पोखरी | रामधुनी | २ |
| ८ | डुम्राहा पोखरी | रामधुनी | ८ |
| ९ | छप्की पोखरी | रामधुनी | ९ |
| १० | सितपुर पोखरी | रामधुनी | ९ |
| ११ | भादगाउँ पोखरी | रामधुनी | १ |
| १२ | कमिया पोखरी | रामधुनी | २ |
| १३ | सिता पोखरी | रामधुनी | ४ |
| १४ | अन्य साना पोखरीहरु | रामधुनी | विभिन्न वाडाहरुमा |

*श्रोतः रामधुनी नगरपालिका कार्यालय ।*

## २.११ सम्भाव्य उद्यमहरु

| उद्यम | औचित्य |
|---|---|
| टपरी | यस क्षेत्रमा सालको ठूलो वन जंगल भएको हुँदा सालको पात टपरीका लागि उत्तम मानिन्छ । आधुनीक प्रविधिबाट सालको पातबाट टपरी वनाउने उद्यम संचालनमा रहँदा प्लाष्टिकका सामाग्रीलाई विस्थापन गर्न सक्ने अवस्था छ , |
| बाँसजन्य | यस नगरपालिकामा बाँस सवै वडामा पर्याप्त मात्रा पाइने भएकाले बाँसका अन्य सामाग्री जस्तै मायाको चिनो लगायत बनाउन सकेको अवस्थाम राम्रो बजार पाउने सम्भावना रहेको छ , |
| फर्निचर,मायाको चिनो | यस क्षेत्रमा सामुदायिक वनहरु भएकाले काठ प्राप्त गर्न सहज छ त्यसकारण काठका फर्निचर लगायत अन्य सजावटका सामाग्री उत्पादन गर्न सकिने अवस्था छ जसको बजार माग पनि निकै ठूलो छ । |
| च्याउको अचार, डस्ट | यस नपा च्याउ खेतिको राम्रो सम्भावना रहेकाले च्याउ उत्पादन गरी च्याउबाट अचार लगायत च्याउको धुलो बनाएर व्यवसाय संचालन गर्न सकिने अवस्था छ । |
| आलु चिप्स | यो नगरपाकिलमामा आलु खेति राम्रो हुनेहुँदा आलुबाट वन्ने आलुचिप्सको उत्पादन गरी विक्री गर्न सकिने सम्भावना छ । |
| मखमलको चप्पल | चप्पलको यस क्षेत्रमा माग राम्रो रहेकाले सजिलो प्रविधिबाट निर्माण गर्न सकिने मखमलको चप्पल उत्पादन गरी विक्री गर्न सकिने सम्भावाना रहेको छ । |
| परालका चप्पल | यस नगरपालिकामा धान खेति राम्रो हुने भएकाले धान खेतिबाट पराल पनि सँगै उत्पादन हुने र त्यो पराल त्यतिकै खेर जाने भएकाले परालबाट बन्ने अन्य सामग्री जस्तै परालका चप्पल, गुन्द्री, लगायतका सामग्री उत्पादन गरी आम्दानी बढाउन सकिने अवस्था छ । |
| दुधका परीकार | यस नगरपालिकामा दुग्ध उत्पादनको प्रचुर सम्भावना रहेको हुँदा दुधका परिकार उत्पादन गरी उद्यम संचालन गर्ने सम्भावना छ । |
| अचार उद्यम | कृषि उत्पादन यस क्षेत्रको ठूलो सम्भावना वोकेको हुँदा अचार उत्पादनका लागि आवश्यक पर्ने कच्चा वस्तुको उत्पादन गर्न सकिने र अचारको उत्पादन गर्न सक्ने सम्भावना रहेको छ । |
| व्यवसायिक सब्जीखेति | कृषिको प्रचुर संभावना भएको यस नगरपालिकामा व्यवासयिक रुपमा मौसमी तथा वेमौसमी सब्जी खेति संचालन गरी आयआर्जकालागि अवसर निर्माण गर्न सकिने संभावना रहेको छ । |
| होम स्टे | यो क्षेत्रमा थारु जातिहरुको बाहुल्यता रहेको छ । थारुजातिहरुको कला र सस्कृति साथै खाद्यान्न परिकारलाई विकास तथा प्रवर्धन  गर्न सकेको अवस्थामा होम स्टे जस्ता व्यवसायहरु संचालन गर्न सकिने सम्भावना छ । |
| धार्मीक पर्यटन | यो नगरपालिका पौराणिक स्थल रामधुनी यस क्षेत्रमा पर्ने भएकाले विभिन्न धार्मीक पर्यटनकालागि प्रवर्द्धन गर्दा पर्यटकहरुको एक महत्वपूर्ण गन्तव्य हुनसक्ने भएकाले यसका साथै अन्य व्यापार व्यवसाय पनि संचालन हुन सक्ने सम्भावना रहेको छ । |

## २.१२ सम्भावना विश्लेषण

### सम्भावना विश्लेषणको खाका

| स्रोतको सम्भावना | सीप प्रविधिको सम्भावना | जनशक्ति र लगानीको सम्भावना | सस्थागत सम्भावना | बजारको सम्भावना | वातरणीय सम्भावना |
|---|---|---|---|---|---|
| **वनजन्य**ः बाँस, काठ, निगुरो, सालको पात, वनमारा, सिमसाग, | परम्परागत स्थानीय केही सीप भएको, तर थप सीप र प्रविधि आवश्यक | उद्यम व्यवसाय सृजना, सञ्चालन, विकास र विस्तारका लागि प्राविधिक सहयोग गर्न आवश्यक जनशक्ति स्थानीय तहमा जस्तै सरकारी कार्यालय, स्थानीय निकाय, गैसस, विकास साझेदार, निजी क्षेत्र, र समुदायस्तरमा उपलब्ध भएको साथै नियमित जनशक्तिको अलावा विषय विज्ञहरुको सेवा समेत लिन सकिने अवस्था छ। | **सरकारीः** स्थानीय निकाय, घरेलु तथा साना उद्योग कार्यालय /उद्योग विकास शाखा, अन्य सम्बन्धित शाखाहरु, पशु विकास कार्यालय, कृषि विकास कार्यालय, वित्तीय संस्था, सहकारी, <br>२) **गैरसरकारीः** सहकारी संस्था, लघु उद्यमी महासंघ, निर्माण व्यवसायी संघ | स्थानीय बजारमा समेत खपत हुने र यातायातको सुविधा भएकाले अन्य वजारहरुसँग समेत निकाशिकालागि पहुँच वृद्धि गर्न सकिने | स्थानीय वातावरणमा नकारात्मक असर नपर्ने |
| कृषिजन्यः अन्नवाली, रकारीवाली,फलफुल, सलावाली,माछा, दलहन/तलहन मौरी,फुलको नर्सरी, च्याउ खेती | परम्परागत स्थानीय सीप भएको तर थप प्रविधि आवश्यक | लगानीको सम्भावना हेर्दा वित्तीय संस्थाहरु यस क्षेत्रमा बैंङ्कहरु र सहकारी संस्थाहरु समेत कार्यरत रहेको अवस्था छ। | | स्थानीय तथा बाह्य वजारसँग सम्पर्क स्थापना गर्न सकिने | स्थानीय वातावरणमा नकारात्मक असर नपर्ने |
| पशुजन्यः गाई,भैसी, कुखुरा,हाँस,वाखा वंगुर, | परम्परागत स्थानीय सीप भएको तर थप प्रविधि आवश्यक | | | स्थानीय बजार | |
| लघुउद्यमी बन्न सक्ने बेरोजगार, गरीब जनताको बाहुल्य रहेको | स्थानीय केही सीप साथै केही थप सीप प्राप्त भएको | | | निर्यात संयन्त्रको | |

| स्रोतको सम्भावना | सीप प्रविधिको सम्भावना | जनशक्ति र लगानीको सम्भावना | सस्थागत सम्भावना | बजारको सम्भावना | वातरणीय सम्भावना |
|---|---|---|---|---|---|
| | तर थप सीप र प्रविधि आवश्यक | | | स्थापना | |
| पर्यटन जन्यः<br><br>धार्मिक पर्यटकीय स्थल : रामधुनी मन्दिर<br><br>तालहरु :<br><br>जाति विशेष कला र संस्कृति : थारु जातिको कला रसंस्कृतिले | थप प्रविधि आवश्यक | | | स्थानीय बजार, Organic product | |

## .१३ उद्यम विकाससम्वन्धी समस्या

| लघु, घरेलु तथा साना उद्यम विकासका क्षेत्रमा देखिएका समस्या/ सवालहरू | तत्कालीन असर | मुख्य कारणहरू | अन्तरनिहित कारण | समाधानका सम्भावित उपायहरू | लिनुपर्ने मुख्य–मुख्य रणनीतिहरू |
|---|---|---|---|---|---|
| लघु, घरेलु तथा साना उद्यम विकासका लागि नीतिगत | उद्यम संचालन गर्न नितिगत समस्या | उद्यमको विकसमा कम चासो | सरोकारवालाहरुकोउचित ध्यान पुग्न नसक्नु | उद्यम विकासको क्षेत्रम स्थानीय तहले नेतृत्व लिनु पर्ने | स्थानीय तहमा नितिगत संरचनाको निर्माण गर्ने |
| स्थानीय स्रोत पहिचान तथा परिचालन | उद्यम संचालनमा समस्या | स्रोतहरुको सहि पहिचान र परिचालन नुहनु | स्रोतको उपयोगको ज्ञान तथा सीपमा कमी हुनु | स्रोतको पहिचान र परिचालन गर्ने | स्रोत सम्भाव्यता अध्ययन गर्ने |
| उद्यमशिलता | मानिसहरुसँग न्यून आय र गरिवी | मानिसहरुमा उद्यमशिलता नहुनु | व्यवसायिक तथा उद्यमी हुनमा ज्ञानको अभाव | उद्यमशिलताको धारणामा परिवर्तन | उद्यशिलताको तालिमबाट उद्यमशिलताको बिकास गर्ने, |
| प्राविधिक सीप | वस्तु उत्पादनमा दक्ष जनशक्तको अभाव | सिप युक्त तालिम तथा शिक्षाको अभाव | व्यक्तिमा सीपका सम्वन्धा कम ज्ञान हुनु | प्रविधिक सिप ज्ञान दिनु पर्ने | लक्षित वर्गलाई प्रविधक सीप सम्वन्धी तालिम संचालन गर्ने |
| उपयुक्त प्रविधि | वस्तु उत्पादनमा प्रभावकारीता नुहन | आवश्यक प्रविधमा पुहुँच नपुग्नु | प्रविधिका लागि पूँजीको अभाव हुनु र ज्ञानको अभाव हुनु | प्रविधमा पहुँ पुऱ्याउने कार्यत्रम | उपयुक्त प्रविधिलाई हस्तान्तरण |
| लघुकर्जा | वस्तु उत्पादनमा लगानी गर्न नसक्नु | कर्जाको सहज नहुनु | गरिवी तथा कर्जामा पहुँच नहुनु | कर्जा लिन सहजता सिर्जना गर्नु पर्ने | वित्तीय सस्थाहरुसँग अन्तरक्रिया र समन्वय गराउने |
| बजार | वस्तुको विक्रीमा समस्या | बजारको पहिचन नहुनु | बजार संजालसँग परिचिन नुहुनु | बजारीकरणको जानकारी गराउने | बजारीकरण सम्वन्धी अन्तरक्रिया र समन्वय |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | गराउने |

## २.१४ SWOT विश्लेषण

| सवल पक्ष | कमजोर पक्ष |
|---|---|
| • युवा जनशक्तिको वाहुल्यता<br>• स्थानीय कच्चा पदार्थको उपलब्त्रता<br>• कृषि र पशुपालनका लागि पर्याप्त स्रोत<br>• धार्मिक पर्यटन क्षेत्रको विकासको आधार<br>• कला र सस्कृतिको क्षेत्रमा पर्यटनको आधार<br>• प्रत्येक वडा सम्म सडक सञ्जाल | • युवा जनशक्तिमा सीपको अभाव<br>• दक्ष र अर्धदक्ष युवाहरुको विदेश पलायन<br>• सानोतिनो उद्यम व्यवसाय गर्न युवा हरु नमान्ने<br>• उद्यमशिलताको कमि<br>• कृषि र पशुपालनको आधुनिकीकरण र व्यवसायीकरण गर्न नसक्नु |
| **अवसर** | **चुनौति** |
| • यातायताको सुविधा रहेको छ<br>• ठूला बजारहरुसँगको प्रत्यक्ष सम्पर्क रहेकोछ<br>• ठूला उद्योग व्यवसाय यस क्षेत्रमा आकर्षित<br>• वैदेशिक रोजगारीमा गएकावाट प्राविधिक सीपको<br>• विप्रेषणलाई उत्पादनमूलक क्षेत्रमा लगानी गर्न सकिने | • उत्पादित वस्तुले उचित बजार मूल्य पाउन गाह्रो<br>• उन्नत मल वीउको अभाव<br>• ठूला प्रविधि भित्रयाउन नसक्नु<br>• कृषि जन्य उत्पादनको बजार मूल्यमा उतारचढाव<br>• |

# परिच्छेद तीन : उद्यम विकास रणनीतिक योजना

## ३.१ परिचय

नेपाल अझै पनि अति कम विकसित राष्ट्रको सूचीमा रहेको छ । हाम्रो देशको जनसङ्ख्यामा जनसाङ्ख्यिकीय लाभांशको अवस्थामा प्रवेश गरिहेको अवस्थामा युवा जनशक्ति यहाँको उत्पादनशिल कार्यमा भन्दा पनि विदेश पलायन हुने अवस्थाले देशको आर्थिक विकासको क्षेत्रमा दीर्घकालिन असर पार्न थालेको छ ।

ऊर्जाशील जनशक्तिलाई विदेश पठाएर तिनले पठाएको पैसाले गरिएको गरिबी न्यूनीकरणको मापन दिगो हुन सक्दैन । हाल गरिवी नै देशको सबै भन्दा चुनौति रहेको छ । गरिबीको वितरण भौगोलिक/क्षेत्रीय रूपमा मात्र नभई जातीय रूपमा समेत असमान रहेको देखिन्छ । यससँगै गरिबी निवारणका लागि गरिब घरपरिवारको पहिचान कार्य हुन नसक्नु, लक्षियत घरपरिवारमा सामाजिक सुरक्षण कार्यक्रमहरू केन्द्रित गर्न नसकिनु, विभिन्न निकायहरूबाट सञ्चालित गरिबी निवारण कार्यक्रमहरूबीच समन्वयको अभाव रहनु, क्षमता विकासका कार्यहरू पर्याप्त नहुनु एवम् नीति, योजना र बजेट कार्यक्रमबीच समानजस्य नहुनुजस्ता समस्याहरू विद्यमान छन् । सङ्ख्यात्मक रूपले गरिबीको तथ्याङ्कमा सुधार आएको देखिए तापनि आर्थिक असमानता कायम नै रहेको देखिएकाले गरिबी निवारणको कार्य थप जटिल बनेको छ । (चौधौं योजना )।

सन् २०२२ भित्र राजनीतिक प्रतिबद्धता सहित विकास कार्यमा थप प्रभावकारिता ल्याइएमा नेपाललाई अतिकम विकसित राष्ट्रबाट विकासशील राष्ट्रको सूचीमा स्तरोन्नति गर्न राखिएको लक्ष्य पनि पूरा होला भनेर आश्वस्त हुन सकिने अवस्था छैन । सन् १९९५ मा ४२ प्रतिशत जनसङ्ख्या गरिबीको रेखामुनि रहेको थियो , जुन सन् २०१५ को असार सम्ममा घटेर २२ प्रतिशतमा रहेको छ ।[१] गरिबीको रेखामुनि रहेका जनतालाई दुई छाक हातमुख जोर्न सधै भरी द्यौ द्यौ पर्ने गर्दछ । गरिबी घटाउने लक्ष्यको सन्र्दभमा केही प्रगति भए पनि धनी र गरिब बीचको खाडल भने अझै कम हुन सकेको छैन ।

नेपालमा स्थानीय श्रोत तथा सीपको प्रयो गरी विकास लघु, घरेलु तथा साना उलेग विकासको प्रशस्त सम्भावना रहेको कुरा विभिन्न योवना तथा दस्तावेजहरुमा उल्लेख गरिएकोछ । विभिन्न राष्ट्रिय योजनाहरु तथा नीतिमा समेत सो कुरा उल्लेख गरिएको छ । यसै क्रममा तेह्रौ योजनामा लघु उद्यम विकास ढाँचाको प्रभावकारीता तथा महत्वलाई आत्मसाथ गर्दै नेपाल सरकारले गरिवी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम -मेडपा) सुरुवात गरेको छ । गरिवीको रेखा मुनी रहेका जनता खास गरी सामाजिक रुपमा वहिष्कृत तथा सिमान्तकृत समूहको अर्थिक समाजिक अवस्थामा सुधाार ल्याउने लक्ष्य र लघु उद्यम विकासको मध्यमबाट विपन्न तथा पछाडि परेका समूहको रोजगारको सिर्जना र आयस्तर बृद्धि गर्ने उद्देश्य साथ मेडपा कार्यक्रम अगाडि बढिरहेको छ । हाल नेपालको पुनर्संचनाले गर्दा स्थानीय तहलाई ठूलो जिम्मेवारी थपिएको छ । पहिला जिल्ला तहबाट संचालन गरिने मेडपा कार्यक्रम पनि आगामी दिनमा स्थानीय तहको जिम्मेवारीमा जान लोगेको यस परिपेक्षमा स्थानीय सरकारले सबै क्षेत्रमा योजनावद्धरुपमा अगाडि वढ्नु पर्ने हुन्छ । यस सन्दर्भमा उद्यम विकास विना रोजगारी सिर्जना पनि गर्न सकिदैन र बेरोजगारी तथा गरिवीको समस्यालाई पनि समाधान गर्न सम्भव छैन । तसर्थ यस नगरपालिका भित्र उद्यमशिलताको विकास गर्न रणनीतिकरुपमा अगाडि वढ्ने क्रममा यस योजनाको तर्जुमा गरिएको छ ।

[१] *UNDP country program document 2018*

## ३.२ : कानुनी तथा नीतिगत व्यवस्था

### संवैधानीक व्यवस्था

नेपालको संविधान २०७२ को राज्यका निर्देशक सिद्धान्त नीति तथा दायित्वमा समाजिक सांस्कृतिक उद्देश्यमा उद्यमशिलताको समेत विकास गरिने कुरालाई उल्लेख गरिएको छ । त्यसैगरी आर्थिक उद्देश्यमा पनि सार्वजनिक, निजी र सहकारी क्षेत्रको सहभागिता मार्फत उपलब्ध साधन र स्रोतको अधिकतमा परिचालनद्धारा तीव्र आर्थिक वृद्धि हासिल गर्दै दिगो आर्थिक विकास गर्ने

त्यसै गरी अर्थ, उद्योग र वाणिज्य सम्बन्धी नीति, श्रम र रोजगार सम्बन्धी नीतिमा निम्न कुरा उल्लेख भएको पाइन्छ :

- नेपाली श्रम, सीप र कच्चा पदार्थमा आधारित स्वदेशी लगानीलाई प्राथमिकता दिने
- सबैले काम गर्न पाउने अवस्था सुनिश्चित गर्दै देशको मुख्य सामाजिक आर्थिक शक्तिको रुपमा रहेको श्रमशक्तिलाई दक्ष र व्यावासायिक बनाउने र स्वदेशमा नै रोजगारी अभिवृद्धि गर्ने
- सीप, क्षमता र योग्यताको आधारमा रोजगारीमा प्राथमिकता दिदै जीविकोपार्जनका लागि समुचित व्यवस्था गर्दै जाने ।

त्यसैगरी स्थानीय स्वायत्त शासन ऐन २०५५ मा उल्लेख भए अनुसार विभिन्न तहका स्थानीय निकायले आ आफ्नो क्षेत्रमा लघु, घरेलु तथा साना उद्योग स्थापनाका निम्ती उत्प्रेरित गरी यस्ता उद्योग स्थापना मा उत्प्रेरकको काम गर्ने कुरा उल्लेख गरीएको छ ।

### औद्योगिक व्यवसाय ऐन २०७३

उद्योगको विकास, प्रवर्द्धन तथा व्यवस्थापनका लागी औद्योगिक व्यवसाय ऐन २०७३ लागु गरेको छ जसमा उद्योगको वर्गिकरण, दर्ता उद्योगका प्रकार लघु उद्यमको परिभाषा एवम लघु उद्यमी तथा महिलाहरुलाई सेवा सुविधा लगायतका कुराहरु समावेश गरिएको छ जस अनुशार औद्योगिक व्यवसाय ऐन २०७३ को दफा २४. लघ उद्यमका लागि अन्य सुविधा एवं सहुलियत : (१) प्रचलित कानूनमा जुनसकै कुरा लेखिएको भए तापनि यस ऐन बमोजिम लघ उद्यम दता गदा कुन शुल्क वा दस्तुर लाग्ने छैन । यस्तौ दफा (२) यो ऐन प्रारम्भ हुदाँका बखत सञ्चालनमा रहेका लघ उद्यमलाई यो ऐन जारी भएको मितिले र यस ऐन बमोजिम दता भइ सञ्चालनमा आएका लघ उद्यमलाइ व्यवसाय वा कारोबार शुरु गरेका मितिले न्यूनतम पाँच वर्षसम्म आयकर छुट प्राप्त हुनेछ । भनि व्यवस्था गरिएको छ । यसै ऐनको धारा २५ मा ***महिला उद्यमीका लागि थप सुविधा निम्न अनुसार उल्लेख गरेको पाइन्छ :***

(१)प्रचलित कानूनमा जुनसकै कुरा लेखिएको भए तापनि महिला उद्यमीको मात्र स्वामित्व रहने गरी उद्योग दता गरिएमा त्यस्ता उद्योग दता गदा प्रचलित कानून बमाजिम लाग्ने उद्योग दतादस्तूरमा पैंतीस प्रतिशत छुट हुनेछ ।

(२) प्रचलित कानूनमा जनसुकै कुरा लेखिएका भए तापनि महिला उद्यमीका मात्र स्वामित्व रहने गरी दता भएको उद्योगमा प्रयोग गरिने औद्योगिक सम्पत्ति दता गराउँदा प्रचलित कानून बमोजिम लाग्ने दस्तूरमा बीस प्रतिशत छुट हुनेछ ।

(३) महिला उद्यमीले औद्योगिक क्षेत्रमा उद्योग स्थापना गर्न चाहेमा औद्योगिक क्षेत्रभित्रको स्थान प्राथमिकताका आधारमा तोकिए बमोजिम उपलब्ध गराइनेछ ।

(४) महिला उद्यमीको मात्र स्वामित्व रहेको उद्योगले आफ्नो औद्योगिक उत्पादन निर्यात गर्ने प्रयोजनका लागि कजा माग गरेमा महिला उद्यमीको व्यवसायको वित्तीय स्थितिका आधारमा तोकिए बमोजिम निर्यात कजा उपलब्ध

गराउन सकिनेछ।

**४८. व्यावसायिक सामाजिक जिम्मेवारी** : (१) मझौला वा ठूला उद्योग वा वार्षिक पन्ध करोड रुपैंया भन्दा बढी कारोबार गर्ने घरेलु वा साना उद्योगले वार्षिक मुनाफाको कम्तीमा एक प्रतिशत रकम व्यावसायिक सामाजिक जिम्मेवारी बहन गर्ने प्रयोजनार्थ प्रत्येक आर्थिक वर्षका लागि छुटयाउनु पर्नेछ । सो बमोजिम छुटयाइएका रकम वार्षिक योजना तथा कार्यक्रम बनाइ तोकिए बमोजिमका क्षेत्रमा खच गर्नु पर्नेछ ।

(२) उपदफा (१) का प्रयोजनका लागि प्रत्येक उद्योगले प्रत्येक आर्थिक वर्षमा भएका कारोबारका रकम र सो आर्थिक वर्षका लागि पेश गरिएको व्यावसायिक सामाजिक जिम्मेवारी बहन अन्तर्गतको योजना तथा कार्यक्रमको प्रगति विवरण सा आर्थिक वष व्यतित भएका तीन महिनाभित्र सम्बन्धित उद्योग दता गर्ने निकाय समक्ष पेश गर्नु पर्नेछ । सो विवरणसाथ चाल आर्थिक वर्षको व्यावसायिक सामाजिक जिम्मेवारी बहनका योजना तथा कार्यक्रम समेत संलग्न गरिएका हुनु पर्न

४९. औद्योगिक करिडोर, औद्योगिक ग्राम तथा औद्योगिक क्लष्टर घोषणा गर्न सक्न : औद्योगिक विकासको लागि पर्याप्त सम्भावना र अवसर उपलब्ध रहेको देशको कुनै भाग वा स्थानलाइ तोकिए बमोजिमका मापदण्डका अधिनमा रही नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी औद्योगिक करिडोर, औद्योगिक ग्राम तथा औद्योगिक क्लष्टर घोषणा गरी तोकिए बमोजिमको सेवा, सुविधा तथा सहुलियत उपलब्ध गराउन सक्नेछ ।

अन्य कानुनी आधारका रुपमा मौद्रीक नीति साथै.वाणिज्य नीति २०६५, कृषि व्यवासाय प्रवर्द्धन नीति २०६३,वन ऐन २०४९ तथा वन नियावली २०५१ले पनि गरिवीको रेखा मुनी रहेका परिवारलाई लक्षीत गरि जिवस्तर सुधारको बारेमा व्यवास्था गरेको पाइन्छ ।

## चौधौ योजना (२०७३ र ७४ - २०७५र७६) मा उद्योग तथा उद्यम सम्वन्धीको उद्देश्यहरु

१. उद्योग क्षेत्रको उत्पादन वृद्धि गरी कुल गार्हस्थ्य उत्पादनमा यस क्षेत्रको योगदान बढाउनु ।

२. औद्योगिक क्षेत्रमा स्वदेशी तथा विदेशी लगानी गरी रोजगारीका अवसर सिर्जना गर्नु ।

३. औद्योगि वस्तुहरुको निर्यात वृद्धि गरी व्यापार घाटामा कमी ल्याउनु

***रणनीति*** : स्थानीय स्रोत एवं सीपको उपयोग गरी लघु, घरेलु, साना, मझौला तथा ठूला उद्योगको स्थापना र संचालनलाई प्रभावकारी बनाउने

***कार्यनीति*** : गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रमलाई मुलुकभर विस्तार गर्न कार्यान्वयन गर्ने निकाय तथा सहयोगी निकायहरुको क्षमता विकास गर्दै लगिने र सन् २०३० सम्ममा नेपाललाई मध्यम आय भएको राष्ट्रमा रुपान्तरण गर्ने ।

***दिगो विकास लक्ष्य हासिल गर्ने*** : सबै प्रकारका गरिबी र भोकमरीको अन्त्य गर्ने र मर्यादा एवं समानता कायम गर्ने

स्थानीय स्तरमा उपलब्ध हुने कच्चा पदार्थ, स्थानीय मौलिक प्रविधि र स-सानो पूँजी परिचालनबाट लघु, घरेलु तथा साना उद्यम संचालन गरिने हुँदा यस्तो कार्यका निम्ती योजनाबद्ध, दीगो र संस्थागत रुपको एकीकृत उद्यम विकास प्रयासलाई समन्वयात्मक रुपमा लैजान आवश्यक छ । नगर उद्यम विकास रणनीतिक योजना तर्जुमा र कार्यान्वयनबाट स्थानीय स्तरमा थप रोजगारी र आम्दानी बृद्धि हुन जाने हुन्छ । उद्यम विकास

सम्बन्धि जिल्लाको दीर्घकालीन दीर्घ कालिन सोचका आधारमा  नगर उद्यम विकास रणनीतिक योजना आवश्यक र अपरिहार्य छ ।

## ३.३ : सिद्धान्त तथा अवधारणा

**लधु उद्यम विकास ढाँचालाई आत्मसाथ** : यस रणनीतिक योजनाले लधु उद्यम विकास ढाँचालाई आत्मसाथ गर्दछ । यस कार्यक्रमले अति विपन्न वर्ग महिला, दलित, आदिवासी, जनजातिलाई लक्ष्य गरी दुर्गम तथा सेवाको पहुँच कम पुगेका क्षेत्रमा उद्यम विकासका कार्यक्रमहरु कार्यन्वयन गर्दछ ।

**रोजगारीको सिर्जना** : यस योजनाको मुख्य उद्देश्य रोजागर सिर्जना गर्नु हो । ग्रामीण इलाकाहरुमा उच्च संभावना भएका लघु उद्यमको  प्रवर्धन गरेर स्वरोजगारका लागि प्रत्यक्ष र अप्रत्यक्ष रोजगार सिर्जनामा जोड दिन्छ ।

**बजार माग र सम्भाव्य स्रोतमा आधारित** : लघु उद्यममा आधारित वस्तु र सेवाको विकास र प्रवर्धनका लागि बजार माग र सम्भाव्य स्रोतहरुको प्रयाप्त जानकारीका आधारमा स्थान छनोट गरी कार्यक्रम सुरु गरिन्छ ।

**सामाजिक न्याय तथा समावेशीको सिद्धान्तको अवलम्वन** : यसले नीतिगत, सस्थागत र कार्यक्रम तहमा लैङ्गिक र समावेशीकरणको सिद्धान्त अवलम्वन गरेको छ । यस अन्तरगत प्रत्यक्ष रुपमा लक्षित गरिएका समुहहरु महिला, दलित, आदिवासी जनजाति र अन्य पछि परेका विशेषत विपन्न वर्ग पर्दछन् ।

**सहकार्य र समन्वयमा जोड** : विभिन्न संघ सस्थाले गरेको प्रयास वीच अझ वढी प्रभावकारी प्रतिफल हासिल गर्न लघु उद्यम विकासको ढाँचाका आधारमा विभिन्न सरकारी तथा स्थानीय निकायहरु, निजी क्षेत्र सहकारी तथा समुदायमा आधारित संघसस्था तथा नागरिक समाजसँग सहकार्य तथा समन्वय गरि कार्य गर्ने गर्दछ ।

**लघु उद्यम विकास ढाँचाको प्रकृया** : यस अवधारणा अन्तरगत विगतका अनुभवबाट प्रमाणित भई सकेका प्रकृयाहरु जस्तै समाजिक परिचालन, उद्यमशिलाता विकास, सिप विकास तालिम, लघु वित्तमा पहुँच, उपयुक्त प्रविधि, बजारीकरण, व्यवसायिक परामर्श, र लघु उद्यमको स्तरोन्नतिका साथै लघु उद्यमका लागि नीतिगत वातावरण तयार पारिन्छ ।

**क्षमता विकासमा जोड** : यस कार्यक्रममा लघु उद्यमी तथा लघु उद्यम विकास सँग सम्वन्धीत कार्यन्वयन गर्ने निकायहरुको क्षमता विकासमा ध्यान दिइने छ ।

यसका अतिरिक्त यस योजनाले निम्न कुरालाई पनि आफ्नो सिद्धान्तको रुपमा आत्मसाथ गरेको अवस्था छ :

- स्थानीय स्तरका प्राप्त उपलब्धिहरुलाई ध्यान दिएर दुर्गम क्षेत्रमा पुगी कार्यहरु गर्ने सरकारी तथा गैर सरकारी संघ सस्थाहरुका साथै सबै सरोकारवालाहरुका वीच समन्वय निर्णय गर्ने प्रकृया , बजेट संचालन र यसका नीतिगत पक्षमा मेडपाले पारदर्शिता कायम गर्ने छ ।
- यस योजनामा गरिव तथा वहिस्कृतहरुको पहुँच वृद्धि गर्दै सार्वजनिक निजि साझेदारी मार्फत गरिवी घटाउने कार्यक्रमका रुपमा लिइन्छ ।

- यस मोडेलले भौतिक वातावरण, सार्वजनिक स्वास्थ्य तथा सस्कृतिमाथि नकारात्मक असर पार्ने लघु उद्यमहरुलाई प्रवर्द्धन गर्दैन ।

## ३.४ दीर्घकालिन सोच/ परिकल्पना

रणनीतिक योजना निर्माण कार्यशाला गोष्ठीबाट रामधुनी नगरपालिकाको उद्यम विकास रणनीतिक योजनासम्वन्धी दीर्घकालिन सोच यस प्रकार प्रकार रहेको छ ।

**“व्यवसायिक कृषि, पर्यटन र उद्यम सहितको सहर स्वस्थ, सुसस्कृत र प्रविधिमा आधारित समृद्ध नगर ”**

## ३.५ लक्ष्य

उद्यमशिलता मार्फत विपन्न जनताको आय तथा रोजगारीका अवसर वृद्धि गर्दै गरिबी न्यूनीकरण र आर्थिक समृद्धिको आधार निर्माण गर्ने ।

सुचकका आधारमा उपलब्धि

| कस | सूचक | एकाइ | हालको स्तर | अपेक्षित उपलब्धि |
|---|---|---|---|---|
| | नगरपालिकामा कुल रोजगार जनसङ्ख्या | प्रतिशत | ७०* | ९० |
| | कुल बजेटमध्ये उद्यम विकासमा लागानी | प्रतिशत | | १० |
| | निरपेक्ष गरिवी | प्रतिशत | १५* | १० |
| | नगरपालिकाको आय स्रोतमा औद्योगिक क्षेत्रको योगदान | प्रतिशत | यकिन नभएको | १५ |
| | प्रति व्यक्ति औसत आय प्रति महिना | रु | यकिन नभएको | ४०००० |

*प्रक्षेपित प्रतिशत

## ३.६ उद्देश्य

उद्यम विकास कार्यक्रम मार्फत लक्षीत जनताको व्यवसायिक क्षमतामा बृद्धि गर्दै आगामी पाँच वर्षमा २७५० उद्यमी सिर्जना गरी आम्दानी तथा आय आर्जनमा वृद्धि गर्ने ।

सुचकका आधारमा उपलब्धि

| कस | सूचक | एकाइ | हालको स्तर | अपेक्षित उपलब्धि |
|---|---|---|---|---|
| | संचालनमा रहेका लघु उद्योग | सङ्ख्या | ५१३ | ३५०० |
| | घरेलु उद्योग तथा साना उद्योग | सङ्ख्या | १०९ | २०० |
| | संचालनमा रहेका व्यवसाय | किसिम | ६६ | १०० |
| | स्थानीय स्रोतमा आधारित उद्योग | प्रतिशत | यकिन नभएको | १० |
| | उद्यमको क्षेत्रले प्रदान गर्ने रोजगारीको हिस्सा | प्रतिशत | यकिन नभएको | ५० |
| | लघु, घरेलु र साना उद्योगबाट रोजगारी | सङ्ख्या | ४३९ | ४००० |

## ३.७ : प्रतिफलहरु

यस उद्यम विकास रणनीतिक योजनामा निम्न प्रतिफलको अपेक्षा राखिएको छ :

**प्रतिफल १: उद्यम विकासका लागि नगरपालिकामा आवश्यक नीति, संरचना तथा पूर्वाधारको विकास भएको हुनेछ ।**

*सुचकका आधारमा उपलब्धि*

| कस | सूचक | एकाइ | हालको स्तर | अपेक्षित उपलब्धि |
|---|---|---|---|---|
| | उद्यम विकास समिति गठन | | भएको | सक्रिय भएको |
| | उद्यम विकास शाखा स्थापना | | भएको | सक्रिय भएको |
| | औद्योगिक प्रोत्साहान नीति तर्जुमा | | नभएको | सक्रिय भएको |
| | उद्यम विकासका लागि नपा मा आवश्यक नीतिगत पूर्वाधार | | अपर्याप्त | पर्याप्त |
| | उद्यम विकास कोषको स्थापना | | भएको | संचालनमा भएको |

**प्रतिफल २: उद्यम विकासका लागि सम्भाव्य स्रोतको अध्ययन साथै श्रोत सम्वन्धी सूचना व्यवस्थित भएको हुनेछ ।**

*सुचकका आधारमा उपलब्धि*

| कस | सूचक | एकाइ | हालको स्तर | अपेक्षित उपलब्धि |
|---|---|---|---|---|
| | पहिचान भएका स्रोत किसिम | प्रकार | २१ | ५० |
| | पहिचान र विश्लेषण भएका बजार क्षेत्र | सङ्ख्या | ६ | १० |
| | नगरपालिका उद्यम विकासको एकिकृत सूचना तथ्याङ्क | | अपर्याप्त | व्यवस्थित |
| | परम्परागत सीप | प्रकार | १५ | २० |

**प्रतिफल ३:** उद्यमशिलताको विकास गर्दै लक्षित वर्गलाई नयाँ उद्यमी सिर्जना, उद्यमहरुको स्थापना र स्तरोन्नति भएको हुनेछ ।

*सुचकका आधारमा उपलब्धि*

| कस | सूचक | एकाइ | हालको स्तर | अपेक्षित उपलब्धि |
|---|---|---|---|---|
| | उद्यमशिलता विकास तालिम प्राप्त | सङ्ख्या | ५१३ | ३५०० |
| | प्राविधिक सीप विकास तालिम प्राप्त | सङ्ख्या | ५१३ | ३५०० |
| | लघु उद्यमी | सङ्ख्या | ५१३ | ३३५० |
| | स्तरोन्नति भएका उद्यमी | सङ्ख्या | | २००० |
| | पुर्ण निष्कृय वाट सक्रिय भएका उद्यमी | सङ्ख्या | | १०० |
| | अर्ध निष्क्रियबाट सक्रिय भएका उद्यमीका | सङ्ख्या | | २०० |
| | व्यवसायिक परामर्श प्राप्त गर्ने उद्यमी | सङ्ख्या | ५१३ | ३५०० |
| | व्यवसायिक योजना तर्जुमा गरी उद्यम संचालन गर्ने उद्यमी | सङ्ख्या | ५१३ | ३५०० |
| | महिला उद्यमी | | ४०८ | २४५० |
| | दलित उद्यमी संख्या | सङ्ख्या | ११८ | १०५० |
| | जनजाती उद्यमी | सङ्ख्या | ३३६ | १४०० |
| | मधेशी उद्यमी | सङ्ख्या | ३८८ | १०५० |
| | प्राविधिक परामर्श प्राप्त गर्ने र प्रविधिमा पहुच हुने उद्यमी | सङ्ख्या | ५१३ | ३००० |

**प्रतिफल नः ४ बित्तिय सेवा तथा श्रोतमा उद्यमीको पहुच बृद्धी भएको हुनेछ ।**

*सुचक अनुसार उपलब्धि*

| कस | सूचक | एकाइ | हालको स्तर | अपेक्षित उपलब्धि |
|---|---|---|---|---|
| | वित्तिय परामर्श प्राप्त गर्ने उद्यमी | सङ्ख्या | ५१३ | ३५०० |
| | सहकारीमा आवद्ध उद्यमी | प्रतिशत | यकिन नभएको | ८० |
| | उद्यमीमा परिचालन भएको ऋण | रकम | यकिन नभएको | १ कारोड |
| | उद्यमीद्धारा संचालित सहकारी संस्था | सङ्ख्या | | २ |
| | औपचारिक वित्तीय सेवाप्राप्त/उपयोग गर्ने उद्यमी | प्रतिशत | | सवै |
| | उद्यम विकासमा सक्रिय/लगानी गर्ने बैंक तथा वित्तिय संस्था/निजि क्षेत्र | प्रतिशत | | ५ |

**प्रतिफल नं. ५ उत्पादित बस्तु तथा सेवाको स्थानिय, क्षेत्रिय तथा राष्ट्रीय बजारमा पहुँच बृद्धी भएको हुनेछ ।**

*सुचकका आधारमा उपलब्धि*

| कस | सूचक | एकाइ | हालको स्तर | अपेक्षित उपलब्धि |
|---|---|---|---|---|
| | स्थानीय वजारमा स्थानीय उत्पादन तथा सेवाको विक्रीले ओगट्ने हिस्सा | प्रतिशत | यकिन नभएको | ५० |
| | बजार संजालमा आवद्ध उद्यमीको संख्या | प्रतिशत | यकिन नभएको | ९० |
| | उद्यम प्रवर्द्धन तथा प्रदर्शनी कार्यक्रम (वर्षिक) | वटा | नभएको | १ |
| | वाह्य बजार सम्म पुगेको स्थानीय वस्तु तथा सेवा | प्रतिशत | यकिन नभएको | १० |

**प्रतिफल ६:** लघु, घरेलु तथा साना उद्यमको विकास तथा प्रवर्धनका लागि उपयुक्त संरचना साथै संस्थागत क्षमता विकास भएको हुनेछ ।

*सुचकका आधारमा उपलब्धि*

| कस | सूचक | एकाइ | हालको स्तर | अपेक्षित उपलब्धि |
|---|---|---|---|---|
| | सक्रिय सेवाप्रदायक सस्थाहरु | सङ्ख्या | नभएको | ४ |
| | साझा सुविधा केन्द्र | सङ्ख्या | नभएको | ५ |
| | बजार संरचना (कोल्ड स्टोर,) | सङ्ख्या | नभएको | १ |
| | आधारभूत पूर्वाधार सहित व्यवस्थित बजार केन्द्र | सङ्ख्या | नभएको | ६ |
| | लघु उद्योग ग्राम | सङ्ख्या | नभएको | १ |
| | विभिन्न निकाय तथा सेवाप्रदायक संस्थाबाट परिचालित उद्यम विकास सहजकर्ता | सङ्ख्या | नभएको | २ |
| | उद्यम विकास तथा प्रवर्धन सम्बन्धी तालिम/अभिमुखीकरण, अन्तरक्रियाको वर्षिक कार्यक्रम | सङ्ख्या | नभएको | १२ |
| | क्रियाशिल तथा स्वरोजगार उद्यम विकासका स्थानीय श्रोत व्यक्ति | जना | नभएको | १० |

## ३.९ रणनीतिहरु

१. लघु, साना तथा घरेलु उद्योगको विकास प्रयासलाई अघि बढाउन नगरपालिकाले पुऱ्याउनु पर्ने सेवाहरु छुट्टै एकाइ मार्फत पुऱ्याउने,
२. नगरपालिकामा उपलब्ध स्थानीय कच्चा पदार्थ तथा स्रोत र साधनको अधिकतम उपयोग गरी उद्यमको विकास गर्ने,
३. समुदायमा रहेका विपन्न महिला, आदीवासी,अपाङ्ग.,उपेक्षित र उत्पिडित वर्गको बढी भन्दा बढी सहभागीतामा स्वारोजगारी सिर्जना गर्ने,
४. स्थानीय सीप, साधन र प्रविधिलाई अधिकतम उपभोग गराई लघुउद्यमहरु संचालन गर्न आवश्यक वातावरण बनाउने,
५.लघु, घरेलु तथा साना उद्योगका लागि आवश्य पूँजीका लागि स्थनीय स्तरको वित्तिय श्रोत परिचालन गरी सहज उपलब्ध हुने व्यवस्था मिलाउने,
६. लघुउद्यमबाट उत्पादित सामानहरुको विक्रिका लागि आवश्यक बजारीकरणलाई प्रबर्द्धन गर्ने,
